मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9807170995
✆ 9803474311
✆ 9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ५७ ● २०८० साल पुष २९ गते आइतबार ● Sunday 14, January 2024 ● सूर्योदय: बिहान ६:५६ बजे ● सूर्यास्त: साँझ ५:३२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेश प्रदेश सरकार

# बेरुजुको चाङमा बसेर सुशासनको गफ

***जम्मा बेरुजुः*** *६,७६, २२,२७,००० रुपैयाँ*
***अद्यावधिक बेरुजुः*** *१,१६,३३,०९,००० रुपैयाँ*
***सरकारी कार्यालयको बेरुजुः*** *८०,६८,०५,००० रुपैयाँ*
***अन्य संस्था बेरुजुः*** *३५,६५,०४,००० रुपैयाँ*

***पेश्की विवरणः***

***कुल पेश्कीः*** *१९,३२,४२,००० रुपैयाँ*
***सरकारी कार्यालय पेश्कीः*** *१८,९९,६४,००० रुपैयाँ*
***समिति तथा अन्य संस्थाको पेश्कीः*** *३२,७८,००० रुपैयाँ*
***कर्मचारी पेश्कीः*** *३,३१,७७,००० रुपैयाँ*
***सरकारी कर्मचारीको पेश्कीः*** *२,९८,९९,००० रुपैयाँ*
***समिति तथा अन्य संस्थाका कर्मचारीको पेश्कीः*** *३२,७८,००० रुपैयाँ*
***मोबिलाइजेशन पेश्कीः*** *४,७४,८०,००० रुपैयाँ*
***अन्य पेश्कीः*** *११,२५,८५,००० रुपैयाँ*

***असुल गर्नुपर्नेः***
***सरकारी कार्यालयः*** *८,३३,६७,००० रुपैयाँ*
***समिति तथा संस्थाः*** *१,१९,६५,००० रुपैयाँ*

***अनियमितताः***
***सरकारी कार्यालयबाटः*** *१,८४,७६,००० रुपैयाँ*
***समिति तथा संस्थाबाटः*** *२,४९,८४,००० रुपैयाँ*

***हाम्रो कुराः***
*पछिल्लो दुई महिनादेखि हरेक आइतबार, मधेशदृष्टि दैनिकमा हामीले मधेशका आठ जिल्लाका १ सय ३६ स्थानीय पालिकाको बेरुजु लगातार प्रस्तुत गर्‍यौँ । सामाजिक सञ्जालहरुमा हाम्रो प्रस्तुतीले चर्चा नै पाएको देखिएको छ ।*
*पालिका नेतृत्व र कार्यालयका प्रमुख प्रशासकीय अधिकृत एवम् लेखा अधिकृतका नाममा देखिएको बेरुजु पनि बाहिर ल्यायौँ । मधेश प्रदेश सरकारको बेरुजुको अंक मात्रै बाहिर आएको थियो । यसपटक मन्त्रालयगत हिसाबमा हरेक वर्षको तथ्यसमेत प्रस्तुत गरेका छौँ । तपाईंले मधेशदृष्टि पढिरहनु भएको छ भने कम्तीमा सार्वजनिक पदमा बसेका नेता, मन्त्री, पालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र पाँच वर्षअघिका पूर्व नेतृत्वसँगै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतलाई प्रश्न गर्न सक्नुहुनेछ, 'तपाईंले त राज्यधनको यति ठूलो रकम बेरुजु राखेर सुशासनको गफ दिइरहनु भएको रहेछ नि ?' सुशासन आफ्नै भूगोल र पालिकाबाट सुरु गरौँ । तपाईंलाई तथ्यसहित जानकारी हामी दिइरहेका छौँ ।*




**अनिल पोखरेल**
**जनकपुरधाम ।**
महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन २०७९ अनुसार मधेश प्रदेश सरकारको पाँच वर्ष देखि अद्यावधिक हुँदै आएको बेरुजु रकम ६ अर्ब ७६ करोड २२ लाख २७ हजार रुपैयाँ पुगेको छ ।

लेखापरीक्षण पाँचौँ वार्षिक प्रतिवेदन, २०७९ ले देखाएअनुसार मधेश प्रदेशको अद्यावधिक बेरुजु प्रदेश सरकारी कार्यालय तथा अन्य संस्था र समितितर्फ गतवर्षसम्म ५ अर्ब ६८ करोड ३५ लाख १४ हजार रुपैयाँ बेरुजु रहेकामा यो वर्ष ८ करोड ४५ लाख ९६ हजार सम्परीक्षण भई १ अर्ब ५९ करोड ८९ लाख १८ हजार बाँकी रहेकामा १ अर्ब १६ करोड ३३ लाख ९ हजार रुपैयाँ थप भई अद्यावधिक बेरुजु ६ अर्ब ७६ करोड २२ लाख २७ हजार रुपैयाँ पुगेको हो ।

सरकारमातहतका सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट १ अर्ब १६ करोड ३३ लाख ९ हजार रुपैयाँ बेरुजु देखिएको छ ।

लेखापरीक्षण पाँचौँ वार्षिक प्रतिवेदनको परिच्छेद–२ अनुसार १ अर्ब १६ करोड ३३ लाख ९ हजार रुपैयाँ बेरुजुमध्ये सरकारी कार्यालयको ८० करोड ६८ लाख ५ हजार रुपैयाँ र समिति तथा अन्य संस्थाको ३५ करोड ६५ लाख ४ हजार रुपैयाँ बेरुजु लेखापरीक्षणमा देखिएको छ । सरकारी कार्यालयबाट असुल उपर गर्नु पर्ने ८ करोड ३३ लाख ६७ हजार रुपैयाँ छ भने समिति तथा अन्य संस्थाबाट असुलउपर गर्नु पर्ने १ करोड १९ लाख ६५ हजार रुपैयाँ रहेको प्रतिवेदनले देखाएको छ ।

यसैगरी, सरकारी कार्यालयबाट नियमित गर्नुपर्ने रकम ५३ करोड ३४ लाख ७४ हजार रुपैयाँ छ भने समिति तथा अन्य संस्थाले नियमित गर्नु पर्ने रकम ३४ करोड १२ लाख ६१ हजार रुपैयाँ रहेको प्रतिवेदनले देखाएको छ । त्यस्तै, सरकारी कार्यालयबाट अनियमितता भएको रकम १ करोड ८४ लाख ७६ हजार रुपैयाँ छ भने समिति तथा अन्य संस्थाबाट अनियमितता भएको रकम २ करोड ४९ लाख ८४ हजार रुपैयाँ रहेको पाँचौँ वार्षिक प्रतिवेदन–२०७९ मा उल्लेख छ ।

यसैगरी, प्रमाण कागजात पेस भएको रकम ३८ करोड ४९ लाख ९८ हजार रुपैयाँ रहेको उल्लेख गर्दै समिति तथा अन्य संस्थाबाट प्रमाण कागजात पेस भएको रकम ३१ करोड ६२ लाख ७७ हजार रुपैयाँ रहेको देखाइएको छ ।

यता, लेखापरीक्षण पाँचौँ

बाँकी पृष्ठ ७ मा

| मधेश प्रदेशको अद्यावधिक बेरुजु | | |
|---|---|---|
| १. | पहिलो वार्षिक प्रतिवेदन-२०७५ | १६ करोड ४६ लाख ९ हजार रुपैयाँ |
| २. | दोस्रो वार्षिक प्रतिवेदन-२०७७ | १ अर्ब ८२ करोड ५३लाख ९९ हजार रुपैयाँ |
| ३. | तेस्रो वार्षिक प्रतिवेदन-२०७८ | १ अर्ब ८० करोड ५९ लाख १८हजार रुपैयाँ |
| ४. | चौथो पहिलो वार्षिक प्रतिवेदन-२०७९ | २ अर्ब १३ करोड ५ लाख ७३ हजार रुपैयाँ |
| ५. | पाँचौ पहिलो वार्षिक प्रतिवेदन-२०७९ | १ अर्ब १६ करोड ३३ लाख ९ हजार रुपैयाँ |
| | जम्मा अध्यावधिक बेरुजुः | ६ अर्ब ७६ करोड २२ लाख २७ हजार रुपैयाँ |
| **पहिलो वार्षिक प्रतिवेदन–२०७५ का आधारमा बेरुजु** | | |
| **सि.नं.** | **मन्त्रालय** | **बेरुजु रकम** |
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | १२ करोड ९१ लाख ३० हजार |
| २. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २ करोड ५ लाख ९५हजार |
| ३. | सामाजिक विकास मन्त्रालय | १ करोड ३३ लाख |
| **दोस्रो वार्षिक प्रतिवेदन–२०७७ का आधारमा बेरुजु** | | |
| **सि.नं.** | **मन्त्रालय** | **प्रतिवेदन, २०७७ आधारमा बेरुजु** |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ अर्ब ७ करोड ५२ लाख १४ हजार रुपैयाँ |
| २. | सामाजिक विकास मन्त्रालय मन्त्रालय | १७ करोड ८८ लाख ७४ हजार रुपैयाँ |
| ३. | मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय | १६ करोड ९४ लाख ९६ हजार रुपैयाँ |
| ४. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १५ करोड ९८ लाख ९ हजार रुपैयाँ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १२ कारोड ८७ लाख ८५ हजार रुपैयाँ |
| ६. | अन्य मन्त्रालय-निकाय | ११ करोड ३२ लाख २१ हजार रुपैयाँ |
| **तेस्रो वार्षिक प्रतिवेदन–२०७८ का आधारमा बेरुजु** | | |
| **सि.नं.** | **मन्त्रालय** | **प्रतिवेदन, २०७८ आधारमा बेरुजु** |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ अर्ब १ करोड ५३ लाख ९३ हजार रुपैयाँ |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २२ करोड ४७ लाख ८५ हजार रुपैयाँ |
| ३. | मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय | १९ करोड २८ लाख ५९ हजार रुपैयाँ |
| ४. | सामाजिक विकास मन्त्रालय | १६ करोड २७ लाख १२ हजार रुपैयाँ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९ कारोड ९६ लाख ६३ हजार रुपैयाँ |
| ६. | अन्य मन्त्रालय-निकाय | ११ करोड ५ लाख ६ हजार रुपैयाँ |
| **चौथो वार्षिक प्रतिवेदन–२०७९ का आधारमा बेरुजु** | | |
| **सि.नं.** | **मन्त्रालय** | **प्रतिवेदन, २०७९ आधारमा बेरुजु** |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८२ करोड ७१ लाख १ हजार रुपैयाँ |
| २. | मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय | ५१ करोड १४ लाख ६८ हजार रुपैयाँ |
| ३. | सामाजिक विकास मन्त्रालय | ४८ करोड ७२ लाख ९९ हजार रुपैयाँ |
| ४. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १० करोड ८४ लाख १७ हजार रुपैयाँ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७ कारोड ४२ लाख ३० हजार रुपैयाँ |
| ६. | अन्य मन्त्रालय-निकाय | २१ करोड २० लाख ५८ हजार रुपैयाँ |
| **पाँचौँ वार्षिक प्रतिवेदन–२०७९ आधारमा बेरुजु** | | |
| **सि.नं.** | **मन्त्रालय** | **प्रतिवेदन, २०७९ आधारमा बेरुजु** |
| १. | सामाजिक विकास मन्त्रालय मन्त्रालय | ५० करोड २९ लाख ६ हजार रुपैयाँ |
| २. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३६ करोड ८८ लाख ५३ हजार रुपैयाँ |
| ३. | खानेपानी तथा उर्जा विकास मन्त्रालय | ७ करोड २३ लाख २० हजार रुपैयाँ |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | ७ करोड २२ लाख ९५ हजार रुपैयाँ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६ कारोड ६६ लाख २३ हजार रुपैयाँ |
| ६. | अन्य मन्त्रालय-निकाय | ८ करोड ३ लाख १२ हजार रुपैयाँ |

**स्रोतः महालेखा**



**शीतलहर तथा चिसोबाट बच्ने उपायहरु**

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिरहा, मधेश प्रदेश**

चितवनको **रत्ननगर महोत्सव-२०८०मा**
**भारी छुट्का साथ धमाधम बिक्री भैरहेको छ ।**




बिक्रेता **त्रिशक्ति ट्रेडर्स, भरतपुर**
मो.नं.9855021020

# माओवादी केन्द्रको विधान सम्मेलन फागुनको पहिलो साता



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र)ले आगामी फागुनको पहिलो साता विधान सम्मेलन आयोजना गर्ने निर्णय गरेको छ । पार्टी मुख्यालय पेरिसडाँडामा शनिबार बसेको स्थायी समिति बैठकले फागुन १ देखि ३ गतेसम्म सम्मेलन आयोजना गर्ने निर्णय गरेको पार्टीका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए ।

बैठकले विधान सम्मेलनको प्रतिनिधि छनोटको आधारसमेत तय गरेको उपाध्यक्ष सापकोटाले जानकारी दिए । बैठकमा विभिन्न पार्टीसँग एकताका विषयमा पनि छलफल भएको थियो । बैठकले पार्टी एकताका लागि पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा एकता संयोजन समिति बनाएको छ । बैठकमा प्रधानमन्त्री एवं अध्यक्ष दाहालले मुलुकको समग्र परिस्थितिका बारेमा 'ब्रिफिङ' गरेको प्रवक्ता सापकोटाले जानकारी दिए । स्थायी समितिमा दशवटै प्रदेश इन्चार्जले हालै सम्पन्न अभियानका बारेमा संक्षिप्त जानकारी दिएका थिए । माओवादीले पार्टी रुपान्तरणका लागि गत भदौदेखि चारमहिने अभियान सञ्चालन गरेको थियो ।

# नेपाली सेना राष्ट्रिय सुरक्षाको प्रमुख पहरेदारः रक्षामन्त्री

**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले जाजरकोट र रुकुमपश्चिम भूकम्पका घाइतेको खोज, उद्धार, राहत वितरण र पुनःस्थापनामा नेपाली सेनाले पुर्याएको योगदानको प्रशंसा गरेका छन् । उत्तरपश्चिम पृतना हेडक्वार्टर सुर्खेतको निरीक्षण गर्दै उनले सेनाको योगदान र पेशागत दक्षताको उच्च प्रशंसा गर्दै सोका लागि सरकार र आफ्नो तर्फबाट पनि विशेष धन्यवाद दिएका छन् । 'सीमित स्रोत, साधन र सुविधाको बाबजुद नेपाली सेनाले अहोरात्र राष्ट्र र जनताको सेवामा समर्पित रही काम गर्दै आउनुभएको छ । आफ्नो कार्य सम्पादनका क्रममा नेपाली सेनाले भोग्नुपरेका समस्या तथा अप्ठ्याराहरूलाई नेपाल सरकारले महसुस गरेको छ', रक्षामन्त्री खड्काले भने, 'ती समस्या तथा अप्ठ्याराहरूलाई आगामी दिनमा सरकारले क्रमशः सम्बोधन हुनेछन ।' उपप्रधानमन्त्री खड्काले कर्णाली प्रदेश तथा सुर्खेत जिल्लामा नेपाली सेनालाई तालिम इलाका, ब्यारेक तथा अस्पताल निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराउने प्रकृया अगाडि बढाइएको जानकारी गराए । राष्ट्रिय सुरक्षाको प्रमुख पहरेदारका रुपमा रहेको नेपाली सेनाले देशभित्र मात्रै नभइ विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकमा संयुक्त राष्ट्र सङ्घको झण्डा मुनी रहेर शान्ति स्थापनामा विशेष योगदान दिएको भन्दै रक्षामन्त्री समेत रहेका खड्काले नेपाली शान्ति सैनिकले विश्व शान्तिदूतका रुपमा खटिएर पूरा गर्दै आएको भूमिकाको अन्तर्राष्ट्रिय जगतबाट सधै उच्च प्रशंसा हुने गरेको बताए । यसबाट नेपालको राष्ट्रिय गौरव र अन्तर्राष्ट्रिय क्षेत्रमा थप योगदान पुगेको उनको भनाइ थियो । उपप्रधानमन्त्री खड्काले अन्तर्राष्ट्रिय शान्ति स्थापनाको गहन जिम्मेवारी पूरा गर्ने प्रमुख आधारशिला नै नेपाली सेनाको व्यावसायिक दक्षता रहेको र यसै कारणले नै शान्ति सैनिकका रूपमा नेपाली सेनालाई संयुक्त राष्ट्र सङ्घले प्राथमिकता दिने गरेको चर्चा गरे । 'नेपाली सेनाको व्यावसायिक क्षमतालाई सधैँ उच्च राख्न हामीले जोड दिनुपर्ने खाँचो छ । यसका लागि नेपाली सेनामा तालिम, प्रशिक्षण, भौतिक संरचना तथा सैन्य उपकरणहरूको पर्याप्त व्यवस्था गर्न राज्यले निरन्तर जोड दिँदै आएको छ ।' उपप्रधानमन्त्री खड्काले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि अनुशासाशित र व्यवसायी फैजी संगठनको रुपमा नेपाली सेना अहोरात्र खट्दै आइरहेको उल्लेख गरे । 'नेपाली सेनाले यस क्षेत्रमा पनि भौतिक पूर्वाधार निर्माण, राष्ट्रिय निकुञ्ज सुरक्षा एवम् विपद् व्यवस्थापन तथा नागरिक सैनिक सम्बन्ध सुदृढीकरण लगायतका महत्त्वपूर्ण काम गरि रहेको उल्लेख गर्दै उनले भने, 'यस पृतना अन्तर्गत कर्णाली प्रदेशका विकट तथा संवेदनशील क्षेत्रका विभिन्न स्थानमा तैनाथ रही गर्दै आउनु भएको सेवा प्रशंसनीय छ ।'

# जनताको गुनासो सम्बोधन हुन्छः मन्त्री



**रासस**
**चितवन ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले पूर्वपश्चिम रेलमार्ग निर्माणका क्रममा जनताका गुनासो सम्बोधन गर्दै सरकार अघि बढ्ने बताएका छन् । चितवनमा शनिबार पत्रकारसँग कुरा गर्दै उनले रेलमार्ग अध्ययनका क्रममा बस्तीमा परेको भन्दै जनता आन्दोलित बनेको विषयमा सर्वपक्षीय छलफलबाट समस्याको समाधान निकाल्ने बताए । उनले, 'जनताको गुनासो सम्बोधन गरेर अघि बढ्छौँ ।' तत्काललाई अध्ययनको काम रोकिएको उनले जानकारी दिए । जनताको असन्तुष्टि गुनासाका विषयमा आफ्नो ध्यानाकर्षण भएको बताउँदै उनले भने, 'आज हामी यहाँको अवस्था केहो, के कति क्षति हुन्छ भन्ने विषयमा छलफलबाट निष्कर्ष निकाल्ने छौँ ।' जनप्रतिनिधि, दलका प्रतिनिधि र सरोकारवालाबीच छलफल गर्ने उनले बताए । पूर्वपश्चिम रेलमार्गाको रेखाङ्कनको विषयमा आफूहरु छलफलको क्रममा रहेको भन्दै उनले विवाद आइसकेपछि काम अहिलेका लागि स्थगित गरिएको बताए । वास्तविकता के हो र यसबाहेकका विकल्प के हुनसक्छ भन्ने विषयमा छलफल गरेर जनताको गुनासो सम्बोधन हुने उनको भनाइ छ । फरक प्रसङ्गमा मन्त्री ज्वालाले सडक निर्माणका लागि बजेटका कारण समस्या भएको बताए । सडक निर्माणका लागि पर्याप्त बजेट नहुँदा आयोजना तीव्र रुपमा अघि बढ्न नसकेको उनले बताए । उनले भने, '३७ अर्ब रुपैयाँ बजेट घटाइएको छ, बजेट घटेपछि स्वाभाविकरुपमा आयोजना प्रभावित भएका छन् ।'
बजेटको अभाव र निर्माण व्यवसायीको ढिलाइले समेत समस्या भएको उनको भनाइ थियो । बजेटका विषयमा अर्थ मन्त्रालयसँग छलफल गर्दै देखिएका समस्या समाधान गर्दै मन्त्रालय अघि बढेको उनको भनाइ थियो ।

# भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड




**रासस**
**काठमाडौँ ।**
सहरी विकासमन्त्री सीता गुरुङले दिगो पूर्वाधार विकासलाई प्रभावकारी बनाउन भूकम्प प्रतिरोधी संरचना निर्माण गर्नुपर्ने बताएकी छन् । डिप्लोमा इञ्जिनियर्स एशोसिएसन नेपाल (डिन) केन्द्रीय समितिद्वारा शनिबार काठमाडौँमा आयोजित 'राष्ट्रिय भूकम्प सुरक्षा दिवस तथा प्रकोप प्रतिरोधी तथा भौतिक पूर्वाधारको गुणस्तरसम्बन्धी राष्ट्रिय सम्मेलन' मा मन्त्री गुरुङले भूकम्प पश्चात्का पुनः निर्माणका साथै भौतिक संरचना निर्माण गर्दा भूकम्पीय जोखिम कम हुने किसिमले बनाउनुपर्नेमा जोड दिइन् । उनले दिगो पूर्वाधार विकासलाई प्रभावकारी बनाउन सम्पूर्ण इञ्जिनियरका साथै प्राविधिक क्षेत्रका जनशक्तिको भूमिका महत्वपूर्ण रहने बताइन् । मन्त्री गुरुङले प्राविधिक क्षेत्रका कानुन तथा मापदण्डको कार्यान्वयन गरी भूकम्प प्रतिरोधी संरचना निर्माण गरी दिगो विकासलाई प्रभावकारी बनाउनुपर्ने बताइन् । 'राष्ट्रिय सहरी भवन संहितालाई स्थानीय तहमा कार्यान्वय गराउन प्राविधिक जनशक्तिको आवश्यकता छ । भूकम्प पश्चात्का पुनः निर्माणलाई सुदृढ ढङ्गले उत्थान गर्न, दिगो पूर्वाधार विकासलाई प्रभावकारी बनाउन यस क्षेत्रको भूमिका महत्वपूर्ण छ' उनले भनिन् । मन्त्री गुरुङले डिनलाई संस्थागत गराउने सम्बन्धमा आएका मागलाई मन्त्रालयले सहयोग गर्ने प्रतिबद्धता जनाउँदै इञ्जिनियरिङ क्षेत्रको विविधता, डिन तथा प्राविधिक क्षेत्रको एकीकृत संरचना आजको आवश्यकता रहेको मन्त्री गुरुङले जिकिर गरिन् । छब्बिऔँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको उद्घाटनका अवसरमा खानेपानी मन्त्रालयका सचिव इञ्जिनियर सुरेश आर्चायले भौतिक पूर्वाधारको गुणस्तरीयतामा वृद्धि गरेमा विपद्को जोखिम न्यूनीकरण गर्न सकिने बताए । उनले सङ्घीयता कार्यान्वयनको अनुभूति दिलाउन स्थानीय तहमा प्राविधिकको सहभागिता आवश्यक रहेकामा जोड दिए । सचिव आचार्यले प्रशासनिक क्षेत्रका कर्मचारीको सीप अभिवृद्धिका लागि नेपाल प्रशासनिक प्रशिक्षण केन्द्र जस्तै इञ्जिनियरिङ क्षेत्रमा सिफारिस भएका कर्मचारीको सीप विकासका लागि इञ्जिनियरिङ प्रशिक्षण आवश्यक रहेको बताए । डिनका सल्लाहाकार डा राजेन्द्रप्रसाद अधिकारीले 'प्रकोप प्रतिरोधी तथा भौतिक पूर्वाधारको गुणस्तरसम्बन्धी' कार्यपत्र प्रस्तुत गर्दै दिगो पूर्वाधार निर्माणमा प्राविधिकको भूमिकालाई थप स्पष्ट पारे । सोही अवसरमा डिन प्राविधिक समितिका संयोजक इञ्जिनियर खड्ग केसीले भूकम्पीय जोखिमयुक्त मुलुकमा भूकम्पको जोखिम थेग्नसक्ने भौतिक पूर्वाधार नहुँदा समस्या भोग्नुपरेको जिकिर गर्दै सरकार, विकास प्राविधिक तथा समुदायबीच सहकार्य, समन्वयनको वातारण सिर्जना गर्नुपर्नेमा जोड दिए ।

# वीरगंजकी निलम चौरसिया र हेमा थापा सम्मानित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजकी वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डाक्टर निलम चौरसिया राष्ट्रिय हेल्थ अवार्डबाट सम्मानित भएकी छन् । वीरगंजको सीता अस्पतालकी सञ्चालिका समेत डाक्टर चौरसिया राष्ट्रिय हेल्थ अवार्ड २०८० बाट सम्मानित भएकी हुन् । शनिबार चितवनको भरतपुरमा स्वास्थ्य दर्पणद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथी नेपाली कांग्रेसका पूर्वमहामन्त्री तथा प्रतिनिधि सभा सदस्य शंशाक कोइरालाले अवार्ड डाक्टर चासियालाई प्रदान गरेका थिए । यता यसवर्षको 'इन्टेग्रिटी आइकन नेपाल–२०२३' बाट ीरगंजकी हेमा थापासहित पाँच कर्मचारी सम्मानित भएका छन् । नारायणी अस्पतालकी नर्सिङ इन्चार्ज हेमा थापा लगायत ५ जना इन्टेग्रिटी आइकनका सम्मानित भएका हुन् । सम्मानितहरुलाई काठमाडौंमा एक समारोहकाबीच सम्मान गरिएको छ ।
एकाउन्ट्याबिलिटी ल्याब नेपालले सार्वजनिक प्रशासन क्षेत्रमा काम गर्दै आएका कर्मचारीको कामको मूल्यांकनका आधारमा उत्कृष्ट पाँच कर्मचारीलाई इन्टेग्रिटी आइकन घोषणा गर्दै आएको छ ।

# मनहर्वा गोल्डकप माघ १३ गतेदेखि

**मधेशदृष्टि**
**बारा ।**
बाराको मनहर्वामा तेस्रो मनहर्वा गोल्डकप माघ १३ गते देखि फुटबल प्रतियोगिता हुने भएको छ । प्रतियोगिताको आयोजक जितपुरसिमरा उपमहानगर पालिका वडा नम्बर १८ स्थीत मौवादेवी यूवा क्लबले शनिबार बडहर्वामा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी गराएको हो । प्रतियोगितामा आयोजक सहित ८ टिमको सहभागिता रहने छ । माघ २० गतेसम्म चल्ने प्रतियोगितामा नव दुर्गा युवा क्लब सिमरा, हानामी बि.एफ.सि चितवन, रिगल हेटौंडा रिसोर्ट मकवानपुर, बागमती युवा क्लब सर्लाही, रौतहट एफ.सि. रौतहट, नमस्ते युवा क्लब हरिवन, बिरगंज युनाईटेड वीरगंज र आयोजक श्री मौवा देवी युवा क्लब सहभागि हुने भएका छन् । प्रतियोगिताको विजेताले नगद दुईलाख र उपविजेताले एकलाख रुपैंया पुरस्कार पाउने छन् ।

# ९८ किसिमका औषधि उत्पादन गर्दै औषधि लिमिटेड




**रासस**
**काठमाडौँ ।**
नेपाल औषधि लिमिटेडले जनतालाई निःशुल्क वितरण गर्न आवश्यक पर्ने थप २० किसिमका औषधि उत्पादन गर्ने योजना अघि सारेको छ । हाल उत्पादन भइरहेका औषधिका अतिरिक्त निःशुल्क वितरणका लागि आवश्यक औषधि कम्पनी आफैँले उत्पादन गर्ने तयारी गरेको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनपछि सरकारबाट उपलब्ध हुँदै आएका ९८ मध्ये २० किसिमका औषधि लिमिटेडले उत्पादन गर्ने योजना बनाएको छ । स्वदेशमै उत्पादन गरेर लिमिटेडले सरकारलाई औषधि बिक्री गर्ने तयारी गरिरहेको औषधि लिमिटेडका महाप्रबन्धक कैलाशकुमार पनेरुले जानकारी दिए । प्रधानमन्त्रीको निर्देशनसँगै आफूले व्यापारिक योजना तयार गरेर आवश्यक स्रोत जुटाउन लागिपरेको पनेरुको भनाइ छ । उनका अनुसार लिमिटेडको संस्थागत क्षमता अभिवृद्धि गरी दिगोरुपमा सञ्चालन सुनिश्चितताका लागि व्यावसायिक योजनासहित उद्योग मन्त्रालय र लिमिटेडबीच सम्झौतासमेत भएको छ । विगतमा लिमिटेडले एक सय ४६ किसिमका औषधि उत्पादन गर्दै आएको थियो । केही समय सिटामोलमात्र उत्पादन गर्दै आएको लिमिटेडले हाल नौ किसिमका औषधि उत्पादन गर्दै आएको छ । सरकारले निःशुल्क वितरण गर्दै आएको औषधि उत्पादनमा जोड दिँदै आएको लिमिटेडले पछिल्लो समय लगानीसँगै उत्पादनमा विविधीकरण गर्ने योजना बनाएको हो ।



प्रतिस्पर्धी बजारमा तालमेल गर्न नसक्नु र प्रविधिमैत्री बन्न नसक्दा यस्ता सरकारी स्वामित्वका कम्पनीको प्रवद्र्धन हुन सकेका छैनन् । प्रधानमन्त्री दाहालको निर्देशन र लिमिटेडले तयार पारेको कार्ययोजनासहित प्रतिस्पर्धामा उत्रिनका लागि सहयोग पुग्ने महाप्रबन्धक पनेरुले विश्वास व्यक्त गरे । उनले भने, 'हाल केही औषधिमा प्रतिस्पर्धा गर्न सकिन्छ । आगामी दिनमा कम्पनीको क्षमता विस्तार हुँदै गएपछि बजारमा उपलब्ध अन्य औषधिसँग प्रतिस्पर्धा गर्न मद्धत पुग्नेछ ।' गुणस्तरीय औषधि उपलब्ध गराउन लिमिटेड तयार रहेको उल्लेख गर्दै महाप्रबन्धक पनेरुले देशका सबै स्थानीय तहसँग सहकार्य गरेर औषधिको बिक्री वितरण गर्ने बताए । उनका अनुसार कम्पनीले विगतको तुलनामा उत्पादन र बिक्री बढाएको छ । पछिल्लो एक महिनामै एक करोड ५० लाख रुपैयाँसम्म को औषधि बिक्री गर्न सफल भएको छ ।

लिमिटेडका अध्यक्ष यज्ञप्रसाद न्यौपानले सरकारले जनतालाई उपलब्ध गराउने ९८ किसिमका औषधि उत्पादन गरेर बिक्री गर्ने मुख्य उद्देश्य रहेको र सोहीअनुसार योजना अगाडि बढेको जानकारी दिए । उनका अनुसार प्रतिस्पर्धी क्षमता विस्तार गर्न हाल औषधि लिमिटेडले ओगटेको क्षेत्रलाई स्वआर्जनमूलक परिसरमा रूपान्तरण गर्ने, व्यावसायिक रूपमा 'मेडिकल हब' सञ्चालन गर्ने र उद्योगलाई प्रतिस्पर्धी बनाउन उत्पादन क्षमता विस्तार गर्ने योजना बनाएको छ ।

बर्सेनि अर्बौँको औषधिजन्य पदार्थको आयातलाई निरूत्साहित तुल्याउन पनि औषधि लिमिटेडको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिएको महाप्रबन्धक पनेरुले बताए । उनले सरकारले तत्कालका लागि लगानी गरेको अवस्थामा उत्पादन गरेर सरकारको रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गरे । व्यापार तथा निर्यात प्रवद्र्धन केन्द्रका अनुसार चालु आर्थिक वर्षको पाँच महिनामा १६ अर्ब ८० करोड रुपैयाँ बराबरको औषधिजन्य पदार्थ आयात भएको छ । गत आर्थिक वर्षमा २०७९÷८० मा ४४ अर्ब ६४ कारोड रुपैयाँ बराबरको औषधिजन्य पदार्थ नेपाल भित्रिएको थियो । सबैभन्दा बढी औषधिजन्य पदार्थ भारतबाट आउने गरेको छ । गतवर्ष नेपालबाट एक अर्ब ६० कारोडका औषधिजन्य वस्तु निर्यात भएको थियो ।

# मधेशको स्वास्थ्य क्षेत्रमा सुधार हुँदै गएको छः मन्त्री



**मधेशदृष्टि**
**सर्लाही ।**
मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वरिन्द्र प्रसाद सिंहले मधेश प्रदेशमा स्वास्थ्य क्षेत्रको अवस्था सुधार हुँदै गएको दावी गरेका छन् । सर्लाहीको लालबन्दीमा लालबन्दी नगर अस्पतालको सेवा प्रारम्भ एवम जनस्वास्थ्य प्रयोगशालाको उद्घाटन गर्दै मन्त्री सिंहले मधेश प्रदेशलाई स्वस्थ प्रदेश बनाउन लागि परेको बताए । उनले प्रदेशभित्र अहिले रहेका प्रादेशिक अस्पतालहरुलाई एक सय शैया तथा प्रादेशिक अस्पताल जनकपुरलाई तीन सय शैयामा स्तरोन्नति गर्ने र पाँच स्थानमा ५० शैयाको नयाँ अस्पताल निर्माण गर्ने गरी यो वर्ष बजेट विनियोजन गरिएको बताए । साथै उनले अस्पताललाई नभइ नहुने उपकरणको व्यवस्थापन, आवश्यक जनशक्ति पदपूर्ति र भौतिक पूर्वाधार निर्माण गर्ने कार्य प्रदेश सरकारको प्राथमिकतामा रहेको बताए । मन्त्री सिंहले अब अरुलाई दोष देखाएर उम्किने छुट नरहेको भन्दै मधेश प्रदेशवासीले उपचारका लागि भरतपुर, काठमाडौँलगायतका शहरमा जानुपर्ने बाध्यताको अन्त्य गर्न स्वास्थ्य मन्त्रालय लागि परेको दाबी गरे ।
पूर्व–पश्चिम लोकमार्गसँग जोडिएको लालबन्दी नगर अस्पतालसँग जनताले धेरै अपेक्षा राखेका कारण नागरिकको विश्वास जितेर उपचार सेवा प्रदान गर्न सक्नुपर्नेमा मन्त्री सिंहले जोड दिए । लालबन्दी नगरपालिका वडा नम्बर एक स्थित नवलपुरमा रहेको सर्पदंश उपचार केन्द्र र नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गरेको आँखा उपचार केन्द्रको सञ्चालन तथा लालबन्दीमा गरेको रक्तसंचार केन्द्र (ब्लड बैंक)लाई पनि चुस्तदुरुस्त राख्न आफूले सकेको पहल गर्ने मन्त्री सिंहले बताए । पछिल्ला वर्षहरुमा जनसंख्याको अत्यधिक चाप बढेको लालबन्दी क्षेत्रमा रहेको नगर अस्पतालबाट सहज सेवा प्रवाहका लागि स्थानीय सरकारले पनि ध्यान दिनु पर्ने र केही समस्या भएमा आफूलाई जानकारी गराउन मन्त्री सिंहले आग्रह समेत गरे । मन्त्री सिंहले लालबन्दी नगर अस्पतालमा सञ्चालनमा ल्याइएको जनस्वास्थ्य प्रयोगशाला मधेश प्रदेशकै उत्कृष्ट प्रयोगाशाला रहेको दाबी गरे । मधेश प्रदेशका प्रत्येक एक सय ३६ वटै पालिकामा जनस्वास्थ्य प्रयोगशाला, प्रदेशमै पहिलो पटक जिन स्क्यान्सिङ गर्ने उपकरण, मधेश प्रदेशका प्रत्येक जिल्लामा पिसीआर मेसिनको व्यवस्थासहित स्वास्थ्य क्षेत्रमा थुप्रै सकारात्मक काम भएपनि प्रचार प्रसार नभएको मन्त्री सिंहको भनाइ थियो ।

# चिसोले दलित बस्तीमा बिचल्ली

**रासस**
**महोत्तरी ।**
पुस अन्त्यतिर मधेशमा चिसो बढ्दो छ । मधेशका जिल्लामा घाम देखिँदा हर्षबढाइ हुन्छ । बाक्लो हुस्सुले डम्म ढाकेर चिसो स्याँठ चलिरहँदा सर्वसाधारण काममा निस्कन सकेका छैनन् । पछिल्लो साता बढेको चिसोकै कारण महोत्तरीका विद्यालयमा जाडो बिदा दिइएको छ । माघेसङ्क्रान्ति पर्व नजिकिए पनि हाटबजारमा चहलपहल घटेको छ । चिसोले सबै क्षेत्रलाई प्रभाव पारे पनि यहाँका गरिब तथा दलित बस्तीको अवस्था नाजुक छ । पराले झुप्राका गुजुमुज्ज बस्तीमा ससाना नानीको जाडो छल्ने सहारा सडकमा मिल्किएका चिथ्रा थाङ्ना, प्लाष्टिक र कसिङ्गर सोहोरिएर बालिने ‘घुर’ (कसिङ्गर जम्मा पारेर बालिएको आगो) बनेको छ । न ओढ्ने, ओच्छ्याउने न शरीर ढाक्ने लुगा ! शीतले भिजेका कसिङ्गर सल्काउँदा निस्कने धुँवाको मुस्लोभित्रको ‘घुर’ वरिपरि बसेर मनमनै तातोको अनुभूति गर्नपर्ने जिन्दगी यहाँका मुसहर, बाँतर, मेस्तर, डोम, चमार र दुसाध बस्तीमा देखिँदो छ । ‘यो मुटु कमाउने जाडोमा न बनिबुतो गर्न निस्कन सकिन्छ न घरमा पानीबाहेक तताएर खाने सरदाम केही छ’, भङ्गाहा–३ सकरी बस्तीको मुसहरीटोलकी रामराजी सादा (मुसहर) भन्छिन्, ‘बच्चाबच्ची स्याहार्न मुस्किल छ ।’ सो बस्तीकी अगुवा रामराजी बढ्दो चिसोका कारण दैनिक ज्यालादारी श्रम गरेर गुजारा गर्नुपर्ने आपूmहरुका लागि जाडो मौसम सधैँ कष्टदायक रहँदै आएको बताउँछिन् । महोत्तरीको मध्य र दक्षिणी भेगमा लाग्दो पुसदेखि नै बिहान हुस्सुले ढाक्दै आएको छ । उत्तरीक्षेत्रमा कहिलेकाहीँ झल्याकझुलुक देखिने घाम पनि पारिलो हुँदैन । झल्याकझुलुक देखिने घाम मधुरो हुने र चिसो सिरेटो लगातार चलेपछि जाडोको कहर निकै बढेको हो । महोत्तरीको उत्तरी भेगको पूर्वपश्चिम राजमार्ग वरपर मंसिरसम्म बिहानै घाम देखिए पनि पुस लागेयता भने यो भेगमा पनि धेरैजसो यसपालि बिहानैदेखि डम्म हुस्सुले ढाक्दै आएको छ । बाक्लो हुस्सुसँगैको चिसो सिरेटो चल्ने क्रमले हात गोडा कठ्याङ्ग्रिएर कुनै काममा निस्कन नसकिएको यहाँका सर्वसाधारण बताउँछन् । मध्य र दक्षिणी भेगमा त घाम नदेखिएको कैयौ दिन हुन्छन् । अहिले बहने चिसो हावाले लगलगी मुटु कमाउने जाडो बढाएको जलेश्वर नगरपालिका–२ का सामाजिक कार्यकर्ता जिरेखन पासवान बताउँछन् ।
निरन्तरको चिसोले व्यापार व्यवसायमात्र नभएर कृषि कार्य पनि प्रभावित भएका छन् । अहिले नै यस्तो विजोग भएपछि अब माघसम्म कस्तो होला ? भन्ने सोचेर नै यहाँका बुढापाका जाडो कसरी काट्ने भन्ने चिन्तामा छन् । ‘खै उमेरले भर्खर ६० नाँघियो , यसरी लगलगी कमाउने जाडो त यसअघि त्यति भोगेको सम्झनै छैन’, महोत्तरीको भङ्गाहा नगरपालिका–४ रामनगरका ६१ वर्षीय किसान सत्यनारायण यादवल भन्छन्, ‘खै परारको (कोभिड–१९) कहरले चाँडै जाडो बढाएको त हैन ?’ परार र त्यसअघिको वर्षको कोरोना कहर सम्झदै यादवले लख काटे ।
बढ्दो जाडोले यसभेगका गरिब र दलित बस्ती बढी जोखिममा परेका छन् । दैनिक ज्यालादारी गरेर गुजारा गर्नपर्ने श्रमिक काममा जान नपाएपछि भोकभोकै बस्नपर्ने अवस्था बनेको छ । ‘जाडो त सबैलाई हो तानि..! हुनेखाने जाडोबाट बच्ने सरजाम (बन्दोबस्त) घरमै जुटाउलान्, हामी बनी (मजदुरी) गरेर गुजारा गर्नेको चैं के हविगत हुने हो अब’ जिल्लाको बलवा नगरपालिका–१० को मुसहरीटोलका पलट माझी मुसहरले चिन्ता व्यक्त गरे ।
चिसो बढ्दै जाँदा वृद्धवृद्धा, सुत्केरी र ससाना नानीहरुको स्याहार, सम्भार कठिन भएको छ । घरमा पोषणयुक्त ताजा खाना, न्यानो लुगा र घर ओरपर सरसफाइमा कमी हुँदा पराले झुप्राका बस्तीहरु बढ्दो जाडोले बढी प्रभावित भएका देखिन्छन् ।
जिल्लाका सबैजसो स्वास्थ्य संस्थाहरु रुघाखोकी, श्वासप्रश्वास र हाडजोर्नी दुख्ने व्यथाका बिरामीले भरिभराउ देखिँदा छन् । ‘बढ्दो चिसोले ग्रामीण बस्तीमा बिरामी हुनेक्रम निकै बढेको छ, अस्पताल आएका बिरामीलाई सेवा दिन हामीलाई भ्याइनभ्याइ परेजस्तै छ’, बर्दिबास अस्पतालका मेडिकल अधिकृत डा चन्द्रमणि खत्री बताउँछन् ।
यसैबीच महोत्तरीका स्वास्थ्य संस्थाहरुले धमाधम सूचना प्रशारण गराएर चिसोमा आफ्नो घरपरिवारको स्याहार सम्भारमा ध्यान दिन आग्रह गरेका छन् । घरमा आफ्नै ओरपर पाइने सागपात र गेडागुडीको झोल खान , अत्यन्त जरुरी काम नपरी बाहिर ननिस्कन, न्यानो ठाउँमा बस्न र घर ओरपरको सरसफाइमा ध्यान दिन स्वास्थ्य संस्थाको तर्फबाट सूचना जारी गरिएका छन् । यसबाहेक फोहर कपडा, मिल्किएका कसिङ्गर, झुत्रा प्लाष्टिक र चिसो झ्यास सल्काएर ‘घूर’ नबाल्न आग्रह गरिएको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ ।
यस्तो आगो बालिएको ठाउँबाट निस्कने धुँवाले पुराना बिरामीको श्वासप्रश्वासको समस्या झनै बढाउने र नयाँमा थपिने कार्यालय प्रमुख सुनिता गुप्ता बताउँछिन् ।
चिसोले जनजीवन कष्टकर बनाउन थालेपछि गरिब र दलित बस्तीमा तत्काल आगो बाल्न काठ, खानपिनका सामग्री र न्याना लुगा जुटाउने पहलकदमीका लागि स्थानीयतहसँग सामाजिक सङ्घ संस्थाले आग्रह गरेका छन् । ‘क्षति हुन थालेपछि मात्र राहतका पोका बोक्ने बानी छ हाम्रो, अब स्थानीयतहको नेतृत्व चनाखो हुनपर्छ’, प्रयास महोत्तरी (सामाजिक संस्था) का अध्यक्ष प्रवीण कर्णले भने, ‘अहिलेको तदारुकताले क्षति रोक्न सकिन्छ ।’ गरिब बस्तीका बासिन्दाले जाडोबाट बचाउने उपायका लागि आआफ्ना बस्तीका स्थानीयतहका प्रतिनिधि गुहार्न थालेका छन् ।
यसैबीच जिल्लाका औरही र मनराशिशवा नगरपालिकाले गरिब बस्तीहरु र बाक्लो ओहोरदोहर हुने चोकमा आगो बाल्ने चाँजो मिलाएका छन् ।
जिल्ला समन्वय समितिको कार्यालय महोत्तरीले जिल्लाका १५वटै स्थानीयतह र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग चिसोबाट बर्सेनि हुँदै आएको जनधनको क्षति हुन नदिन पूर्वसतर्कता र आवश्यक तयारीका लागि आग्रह गरेको छ । ‘हामीले जिल्लाका १५ वटै स्थानीयतहलाई तत्काल आवश्यक सहयोग, समन्वयका लागि अनुरोध गरेका छौँ’, जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्ण भन्छन्, ‘समयमै तदारुकता अपनाइयो भने क्षति रोक्न सकिन्छ ।’
पछिल्ला तीन÷चार दिनयता ठाउँठाउँमा आगो बाल्ने र गरिब बस्तीमा ओढ्नेको प्रबन्ध भएको कर्णले बताए । गौशाला नगरपालिका–९ मा गरीब परिवार पहिचान गरी ज्येष्ठ नागरिकलाई सिरक वितरण गरिएको छ ।

# चामलसहित मिनी ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**बारा**
बारा प्रहरीले करिब ६ लाख मूल्य बराबरको चामल नियन्त्रणमा लिएको छ । बाराको पथलैयाबाट खटिएको प्रहरी टोलीले गरेको जाँचका क्रममा ७ हजार किलो चामलसहित मिनी ट्रक नियन्त्रणमा लिएको हो ।
प्रसौनीबाट चितवनतर्फ जाँदै गरेको मधेश प्रदेश ०३–००१ क २२४१ नम्बरको मिनी ट्रकबाट ५ लाख ८८ हजार रुपैयाँ बराबरको चामल नियन्त्रणमा लिइएको बारा प्रहरीले जनाएको छ । भिसिटिएस बिलमा परिमाण र मूल्य फरक रहेकोले पक्राउ गरिएको बारा प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिए ।
पक्राउ गरिएका चामलसहित मिनी ट्रक आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाइएको बारा प्रहरीले जनाएको छ ।

# सालको काठ बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ३ महेन्द्रपुरबाट ३ थान सालको गोलिया बरामद भएको छ । सब डिभिजन वन कार्यालय रंगपुर टाडीको वन गस्ती टोलीले अन्दाजी ३५ क्युफिट सालको गोलिया बरामद गरेको हो । विशेष सूचनाको आधारमा गस्तीमा निस्किएको टोलीले बेवारिसे अवस्थामा ३ थान गोलिया बरामद गरेको कार्यालयका रेन्जर कपिलदेव यादवले जानकारी दिए ।
उनकाअनुसार उक्त काठको तस्करीमा संलग्न रहेका व्यक्तिहरुको खोजी भइरहेको छ ।

# तीन वटा ट्याक्टर नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
अवैध रुपमा गिट्टी बालुवाको उत्खनन् गर्ने ३ वटा ट्याक्टर प्रहरीले नियन्त्रणमा लिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर ३१ स्थित भेडहा खोलाबाट अवैध रुपमा गिट्टी बालुवाको उत्खनन् गर्ने ३ ट्रक प्रहरी चौकी मिलन चौक र नेपाली सेनाको सयुँक्त टोलीले नियन्त्रणमा लिएको हो । ना.५त ७०५७, प्र. २–०३–००१ त १६३७ नम्बर र एउटा अनटेस्ट ट्याक्टर नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रमुख प्रहरी निरीक्षक रामराजा केशरीले जानकारी दिए । केशरीका अनुसार तिन वटै ट्याक्टर प्रहरी चौकी मिलन चौकको नियन्त्रणमा राखिएको छ ।

# दुई सय जेष्ठ नागरिकलाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिले एक सय ९९ जना जेष्ठ नागरिकलाई सम्मान गरेको छ । महानगरपालिकाको वडा नम्बर २५ मा एक कार्यक्रमका बीच ज्येष्ठ नागरिकहरुलाई सम्मान गरेको हो । महानगरपालिकाको सहयोगमा वडास्तरी बजेटबाट एक सय ९९ जना ज्येष्ठ नागरिकलाई गम्छा ओढाएर सम्मान गरिएको हो । कार्यक्रममा ज्येष्ठ नागरिकहरुका लागि कम्बल र झुलसमेत वितरण गरिएको थियो । वडाध्यक्ष आषुतोष चतुर्वेदीले वडाका ज्येष्ठ नागरिकहरुलाई सम्मान गरेका हुन् । पछिल्लो केही दिन यता तराई मधेशमा बढ्दै गइरहेको जाडोबाट प्रभावित भएका जेष्ठ नागरिकहरुलाई राहत पुर्याउने उद्धेश्यले न्यानो कपडासहित सामान वितरण गरिएको वडा कार्यालयले जनाएको छ ।

# ओम शिवशक्ति सहकारी संस्थाको साधारणसभा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
ओम शिवशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ । वीरगंजको बसपार्कस्थित होटल सोल्टी गार्डेनमा सहकारीका सञ्चालक समिति अध्यक्ष कलिष्टर साह कानुको अध्यक्षतामा साधारण सभा सम्पन्न भएको हो । साधारण सभालाई सम्बोधन गर्दै जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साका अध्यक्ष राजेश पण्डितले ओम शिवशक्ति सहकारी संस्था पर्सा जिल्लाका ठूला संस्थाहरूको नामभित्र आउने गरेको बताए । संस्थाले आफ्नो शेयर सदस्यलाई नै ऋण दिने र शेयर सदस्यले त्यसबाट व्यवसाय गरी आम्दानी गरेर सावा ब्याज तिर्ने अवस्थाको सृजना गरिरहेको उनको भनाइ थियो । यस्तै ओम शिवशक्ति सहकारीले २२ जना कर्मचारीलाई प्रत्यक्ष रोजगारी दिएको जनाएको छ । ओम शिवशक्ति सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत अरुण कुमार साहले संस्थाको आर्थिक तथा वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साका महासचिव जिष्णु बराल, संघका व्यवस्थापक अनुप यादव, नरेश चौरसिया, कोहिनुर साकोसका प्रबन्धक प्रदीप साह, भगवति साकोसका रामनिवास देहाती लगायतको उपस्थिती रहेको थियो । साधारण सभाको उद्घाटन सत्रको सहजीकरण सञ्चारकर्मी उज्जवल शर्माले गरेका थिए ।

# नौ वटा टिपर प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको बर्दिवास–४ स्थित जंगहा खोलाबाट अवैध उत्खननमा प्रयोग गरिएका नौ वटा टिपर प्रहरीले नियन्त्रणमा लिएको छ । शुक्रबार राती नदीबाट अवैध रुपमा नदीजन्य पदार्थको उत्खनन् र निकासी गरेको पाइएपछि टिपर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी निरीक्षक लोककृष्ण दाहालले जानकारी दिए । उनका अनुसार नियम विपरीत नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा, माटो लगायत उत्खनन गरी लोड गरेको अवस्थामा टिपर जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो ।
नियन्त्रणमा रहेका उक्त टिपरलाई कारबाहीका लागि नगरपालिका पठाइएको दाहालले जानकारी दिए ।

# बागमती नगरपालिकामा आँखा शिविर सञ्चालन हुने

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिका र तिलगंगा आँखा प्रतिष्ठान काठमाडौँबीच बागमतीमा अत्याधुनिक प्रविधिसहितको आँखा शिविर सञ्चालन गर्न सम्झौता भएको छ ।
बागमती नगरपालिकाकी नगर उपप्रमुख लिला कुमारी मोक्तान र तिलगंगा आँखा प्रतिष्ठान काठमाडौँका प्रतिनिधिहरुबीच भएको सम्झौतामा तिलगंगा आँखा प्रतिष्ठानले नेपाल आँखा कार्यक्रम माघ १० देखि १२ गतेसम्म बागमती नगरपालिकामा सञ्चालन गर्ने उल्लेख गरिएको बागमती नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।
पटक पटकको छलफलपछि तिलगंगा आँखा प्रतिष्ठान काठमाडौँले अत्याधुनिक प्रविधिसहितको आँखा शिविर बागमतीमा सञ्चालन गर्ने सहमती भएको थियो ।
सोही अनुसार नेपाल आँखा कार्यक्रम माघ १० देखि १२ गते सम्म बागमती नगरपालिकामा सञ्चालन गर्ने विषयमा सम्झौता गरिएको नगर उपप्रमुख मोक्तानले जानकारी दिइन् ।
बागमती नगरपालिकाले केही समय पहिला स्वास्थ्य चौकी कर्मैयामा प्रविधियुक्त प्रयोगशाखा सञ्चालनमा ल्याएको थियो भने तिलगंगा आँखा प्रतिष्ठान काठमाडौँको अत्याधुनिक प्रविधि सहितको तिलगंगा आँखा अस्पतालको शाखा संचालनमा ल्याउने पहल गरिरहेको जनाएको छ । केही महिना पहिला नगरपालिकाको आयोजनामा तिलगंगा आँखा प्रतिष्ठान काठमाडौँको प्राविधिक सहयोगमा नगरभित्रका सबै वडाहरुमा निःशुल्क घुम्ती आँखा शिविर समेत सञ्चालन भएको नगर स्वास्थ्य शाखाका प्रमुख पदम रायमाझीले जानकारी दिए । उनका अनुसार आँखाका समस्या भएका बिरामीहरु अत्याधिक देखिएका कारण बागमतीमै शाखा सञ्चालनको लागि तिलगंगा आँखा प्रतिष्ठान काठमाडौँसँग पटक पटक छलफल भएको थियो ।

जो आफ्नो भाषालाई माया गर्दैन, ऊ एउटा पशुभन्दा पनि तल दुर्गन्धित माछा भन्दा पनि काम नलाग्ने हुन्छ।
– जोस रिजल

## सम्पादकीय

# बेरुजुका चाङ सुशासनमा भ्वाङ

*मधेश प्रदेशका ८ जिल्ला र तिनका १ सय ३६ पालिकामा देखिएको बेथितिलाई हामीले क्रमशः पस्क्यौँ । स्थानयि पालिकामा प्रमुख प्रशासकीय अधिकृत भएर आएका र लेखा अधिकृत बनेकाका नाममा मात्रै अर्ब रुपैयाँ भन्दा बेरुजु देखिएको छ । एउटा अधिकृत आउँदा र जाँदा उसले कुनै बाँकी बक्यौता नरहेको क्लिन चिट लिनु पर्ने भनिएको छ । तर जनप्रतिनिधिहरुले विभिन्न योजनाको फच्र्यौट नगरेको र पेश्की बाँकी रहेको बेथितिमा टेकेर कर्मचारीहरुले पनि करोडौँ रुपैयाँ पेश्की राखेर सरुवा, बढुवा हुने गरेको पाइएको छ । यो क्रम मधेशमा अझ बढी छ । एउटै प्रशासकीय अधिकृत र लेखा अधिकृतका नाममा मधेशका विभिन्न जिल्ला र एउटै जिल्लामा पनि विभिन्न पालिका चाहार्दा करोडौँ रपैयाँ पेश्की बाँकी राखेको तथ्य बाहिर आएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको विवरणमै यस्तो बदमासी देखिएपछि पछिल्लो समय हामी यसलाई मसिनोसँग अध्ययन गरेर बाहिर ल्याइरहेका छौँ । प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतले गरेको बदमासीलाई अहिलेसम्म कसैले बाहिर ल्याएका थिएनन् । हामी यसमा लागेका छौँ । जनप्रतिनिधिलाई केही मोह देखाएर, मह चटाएर कर्मचारीले पनि पालिकाको बजेटमा मस्ती गरेको फेला परेको हो । यो राष्ट्रधनमाथि बदमासी नै हो । जुन सरकारी निकायकै प्रतिवेदनमा अंकसहित आएको छ ।*

*अर्कातिर अहिलेसम्म पनि गाउँ नगरपरिषद् गर्न नसक्ने पालिकाहरु छन् । कतै प्रमुख र उपप्रमुख त कतै अध्यक्ष र उपाध्यक्षबीच द्वन्द्व देखिएको छ । कतै भ्रष्टाचारमा मुछिएर निलम्बनमा परेका जनप्रतिनिधिले पनि बाहिर बसेर कर्मचारी र वडाध्यक्ष उचालेर कार्यबाहकलाई काम गर्न दिइरहेका छैनन् । राजनीतिक दलहरु बजेट बाँडफाँडमा असन्तुष्ट भएपछि मात्रै आन्दोलन गर्ने परिपाटी बनेको छ । भागमा रकम कम परे अनशन बस्ने र आन्दोलन गर्ने गरिरहेका छन् । जनताका नजरमा हेर्दा त नेताहरुले जनताका लागि खबरदारी गरेको देखिन्छ । तर भित्रभित्रै भने उनीहरुले बजेट बाँडफाँड र दोहनमै भागवण्डा गरेको पाइएको छ । यो क्रम बढिरहेको छ । यसले पनि बेरुजु बढाइरहेको छ । रकम लैजाने तर कागजात नबुझाउने, बुझाएको कागजातले फर्छयौंट हुन नसक्ने र बेरुजु बढ्ने क्रम देखिएको छ । यसतर्फ पनि दलका नेताहरुले ध्यान दिन जरुरी छ । नत्र भने यही बेरुजुले २०८३ को अन्तिम या २०८४ मा हुने स्थानीय तह निर्वाचनमा धेरै नेताहरु उम्मेदवार बन्न अयोग्य सावित हुने खतरा बढेको छ । यसैले कर्मचारीका नाममा बेरुजुसँगै विभिन्न योजनाका बजेट र सिवभिन्न समितिका नाममा रहेका पेश्की पनि समयमा फर्छयौंट गर्न जरुरी छ ।*

*बेरुजु स्थानीय तहमा मात्रै होइन, स्थानीय तहका कर्मचारीका नाममा मात्र होइन । मधेश सरकारका मन्त्रालयमा पनि देखिएको छ । मन्त्रालयगत बेरुजु बढ्नेक्रम जारी छ । मुख्यमन्त्रीको कार्यालयकै बेरुजु बढिरहेको छ । महालेखाले असुल गर्नसमेत भनिरहेको छ । विभिन्न कर्मचारीका नाममा पनि टन्नै बेरुजु देखिएको छ । सुशासन गफ मात्र दिने विषय भइरहेको छ । कसले मिठो भाषण सुशासनका पक्षमा दिने भने होडबाजी बाहिर देखिन्छ । भित्रभित्रै कसरी रकम बढी लिने र बेरुजु राख्ने भन्ने होडबाजीमा कोही कम देखिएका छैनन् । राज्यधनमाथिको लुटमा सबैको भागवण्डा देखिन्छ । यसले एक न एक दिन कठघरामा जनप्रतिनिधि र कर्मचारीलाई उभ्याउनेमा शंका छैन ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# राष्ट्रिय सभाको उम्मेदवारी कति निष्पक्ष ?



डा. रामसागर पंडित

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अपनाएको देश हो । नेपाली प्रजातन्त्रको इतिहास त्यति लामो नभएपनि धेरै आरोह÷अवरोह पार गरि सकेको छ। नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको छ। यो शासन व्यवस्था संविधान सभाबाट पारित गरी यो संविधान जारी गरिएको छ। यसभन्दा अघिल्ला संविधानहरू राजाद्वारा प्रदान गरिएका थिए। नेपाली जनता कम समयमा निकै धेरै प्रणालीको प्रयोग गरिसकेका छन्। हालको प्रणाली सबैभन्दा उत्तम प्रणालीमा गणना हुन्छ। जस्तो सुकै सविधान भए पनि प्रयोग गर्ने मानिसहरू ठीक भएन भने विभिन्न किसिमका विकृति बढदै जान्छ। नेपालमा पनि यस्ता पात्रहरूका गलत क्रियाकलापले प्रणाली माथि नै चरम दक्षिणपंथीहरू आवाज उठाउन थालेका छन्। यस कुरा बारे समय मै सोचिएन भने भोलि जे पनि हुन सक्छ।

हाम्रो संविधानले प्रष्टसँग शक्तिपृथक्कीकरणको सिद्धान्तलाई आत्मसात गरेको छ। तर कहिले–काँही शीर्ष पदको नेतृत्व गर्ने व्यक्तिहरूले संविधानलाई लत्याएर आफ्नै अनुकूल चल्न खोज्छन्। त्यस्ता कुरा प्रणालीमाथिको आक्रमण हो। शासनसत्ता यस्तो संवेदनशील कुरा हो जसका लागी जे पनि गर्न खोज्छन्। हाम्रो संविधान अनुसार व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले राज्य चलाउन सहयोग गरेका हुन्छन्। यी तीनै एक अर्काबाट स्वतन्त्र छन्। राष्ट्रको चौथो अंग मेडियालाई लिइन्छ। मेडियाले सरकारले गरेको कामको राम्रो÷नराम्रो कुरालाई जनता समक्ष लग्ने काम गर्छ। प्रजातन्त्रलाई सही लीकमा हिडाउन मेडिया जहिले पनि स्वतन्त्र रहनु पर्छ। यदि पत्रकारिता स्वतन्त्र भएन भने विस्तारै लोकतन्त्र खतरामा पर्दै जान्छ र लोकतन्त्र मासिदँै जान्छ। विश्वमा कैयौं देशमा यस्ता सैकडौं उदाहरण छन्।

हाम्रो देशमा वर्तमान कार्यपालिकालाई तीन तहमा राखी काम लिएका छन्। केन्द्रिय तहलाई संघीय, क्षेत्रीय तहलाई प्रदेश र तल्लो तहलाई स्थानीय निकाय भनिन्छ। यी तीनै तहले कार्यपालिकालाई संचालन गरेका छन्। व्यवस्थापिका कानून बनाउने निकाय हो। प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका छ। जसलाई संघीय संसद भनिछ। यी दुई सदनमध्ये पहिलो राष्ट्रिय सभा र दोस्रो प्रतिनिधि सभा रहेका छन्। राष्ट्रिय सभालाई माथिल्लो सदन र प्रतिनिधि सभालाई तल्लो सदन भनिन्छ। अहिले राष्ट्रिय सभाका केही सदस्यका लागि निर्वाचन हुँदै छ। राष्ट्रिय सभा एक स्थायी सदन हो। राष्ट्रिय सभामा जम्मा उन्नसाठी सदस्य रहने व्यवस्था छ।

प्रदेश सभाका सदस्य, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख रहेका निर्वाचन मण्डलद्वारा संघीय कानुन बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुखको मतको भार पूरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तिमा एक जना महिला सहित तीन जना गरी उन्ननासठी जना रहने व्यवस्था छ।

यस सदनमा खास गरी विद्वान, बुद्धिजीवी, महिला, दलित, अपांग÷अल्पसंख्यक समूहबाट लिने व्यवस्था छ। तर दलहरूले आ–आफ्नै कार्यकर्ता, नेता र समर्थकबाट भर्ने काम गर्दै आएका छन्। यस सभाको जो उद्देश्य थियो सो उद्देश्य कहि न कहिं बिराउँदै गएको देखिन्छ। सबै पार्टीहरू प्रतिनिधि सभाबाट निर्वाचन हारेका सदस्य तथा मनोनित पनि त्यही पार्टीले पठाएको मानिसहरू भर्न जान्छन्। जो समूह तल्ला तप्काका छन् त्यस्ता तप्का कहिले पनि राज्यको मूलप्रवाहमा प्रवेश हुन पाउँदैनन्। राष्ट्रलाई सबैको सहयोग चाहिन्छ।

राष्ट्रिय सभाका सदस्यहरूको पदावधि ६ वर्षको हुन्छ। राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुन्छ। तर यो संविधान प्रारम्भ भए पछि पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको ६ वर्षको हुने गरी पदावधि कायम गरिएको थियो। अब उप्रान्त २ वर्ष पछि पुनः एक तिहाइलाई निर्वाचनद्वारा पूर्ति गरिन्छ। १९ जना सदस्यको परिपूर्ति गर्न यहि माघ ११ गते निर्वाचन हुँदै छ। २०७२ सालमा संविधान लागू भए पछि क्रमशः यस्ता खाली पद पूर्ति गर्दै जाने प्रावधान छ। १९ जना जनप्रतिनिधिलाई प्रदेश सभा सदस्य ५४९ जना र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख तथा उपप्रमुख १४९८ जना गरी जम्मा २०४७ जना मतदाताले निर्वाचित गरी पठाउने छन्। एक जना सदस्य राष्ट्रपतिबाट मनोनित हुने छन्। त्यसैगरी प्रदेश सभा सदस्यको मतभार ५३ र गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख तथा उपप्रमुखको मतभार १९ कायम गरिएको छ।

निर्वाचन प्रयोजनका लागि जम्मा १२ वटा पार्टी दर्ता गराएका छन्। दलहरूले निर्वाचन चिन्ह समेत प्राप्त गरि सकेका छन्। यी १२ वटा पार्टी दर्ता गराए पनि गठबन्धनबाट उठेका उम्मेदवारलाई जित्ने प्रबल सम्भावना देखिन्छ। गठबन्धनमा नेपाली काँग्रेस १०, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)–६, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)–२ र जनता समाजवादी पार्टी–१ गरी भागबण्डा मिलाएका छन्। नेकपा (एमाले) को अवस्था यस पालि पनि एउटा सीटसम्म नपाउने अवस्था देखिन्छ। कुनै पार्टी जति बलियो भए पनि केही सदस्य मात्र फुट्न जाँदा उसको अवस्था दिनप्रतिदिन कमजोर हुँदै गएको देखिन्छ। यदि नेकपा (एमाले) नफुटेको भए आज दुई तिहाइको सरकार उसकै नेतृत्वमा हुने थियो। दुर्भाग्य ओलीले पाएको बहुमतबाट सरकार त बनाए तर त्यसलाई सुरक्षित राख्न सकेनन्। उम्मेदवारको मनोनयन दर्ता २३ गते र अन्तिम नामावली प्रकाशन पुस २७ गते भएको थियो।

राष्ट्रिय सभा सदस्यको निर्वाचनमा जनप्रतिनिधि योग्य, सक्षम र निष्ठावान भएको हुनु पर्छ। यदि योग्य व्यक्ति लड्न नसक्दा प्रजातंत्रको रक्षाका लागि लड्नेहरू कमजोर हुँदै जान्छ। असल उम्मेवारलाई छान्नु पर्छ। असल जनप्रतिनिधिको छनौटले असल शासन पाइन्छ। एउटा इमान्दार प्रतिनिधिले पूरै प्रतिनिधिलाई इमान्दारीताको पाठ पढाउन सक्छ। एउटा भनाइ छ "आप भला तो जग भला"। सबैभन्दा पहिले आफै सुधिरिनु पर्छ अनि मात्र अर्कालाई उपदेश दिँदा देश बन्छ। यसैले जनप्रतिनिधि योग्य र निष्ठावान हुनुपर्छ। सार्वजनिक व्यक्तिभइसके पछि उनको सबै कुरा खुला हुनुपर्छ। यसरी जनप्रतिनिधि व्यक्ति पारदर्शी हुनै पर्छ। असल व्यक्तिलाई छनोट गर्दा मात्र असल शासन पाइन्छ। तर विगतको क्रियाकलाप हेर्दा यस्ता व्यवहारका व्यक्ति कमै देखिन्छ। देशमा दिनप्रतिदिन भ्रष्टाचार बढ्दै गइरहेको छ। यसलाई उन्मूलन गर्न नाराहरू त दिइन्छ तर त्यसलाई व्यवहारमा लागू गरेको देखिँदैन। कुनै कसूरलागेको व्यक्तिलाई निर्वाचनमा उम्मेवार बनाउनु हुँदैन। न्यायिक र अर्धन्यायिक निकायबाट लागेको कैद, सजाय, जरिवाना तिर्न बाँकी नरहेको साथै कर, राजश्व, शुल्क, दस्तुर तिर्न÷बुझाउन बाँकी नरहेको, भ्रष्टाचार मुद्दा दायर भइ अदालतमा मुद्दा दायर नरहेको हुनुपर्छ। तर यहाँ व्यवहारमा के देखिएको छ भने आफ्ना पार्टीमा जस्तो सुकै दोषी व्यक्ति भएपनि पार्टीले उनलाई चोखो बनाइ टिकट बाटैकै देखिन्छ जो सरासर भ्रष्टाचारलाई बढाउन उत्साहित गरेको देखिन्छ। यस्तो बेला मतदाताले पनि आफ्नो विवेक सावधानी पूर्वक प्रयोग गर्नु पर्छ। एकछिनको भूलले पाँच÷छ वर्षसम्म पछताउनु सिबाय अरू केही हुँदैन।

लोकतन्त्रमा राजनीतिक दल यसको अवयव मानिएकोले दलले उपयुक्त उम्मेदवार छनौट गर्नु पर्छ। राष्ट्रिय सभा सदस्यको निर्वाचनमा दलाली, ठेकेदारी र स्वार्थ बाँझिएका व्यक्तिहरू उम्मेदवार नहुन सक्ने वातावरण कायम गर्नु पर्छ। सदैव ख्याल गर्नु पर्छ कि राजनीति सेवा हो, व्यापार तथा पेसा होइन। सैद्धान्तिक रूपमा राष्ट्रिय सभालाई विद्वानहरूका एउटा परिपक्क संस्था मानिन्छ। यसलाई अनुभवी, विज्ञ र पौढहरूको संस्था मानिन्छ। अमेरिका, भारत, बेलायत, जस्ता देशमा माथिल्लो सभालाई अनुभवी तथा ख्यातिप्राप्त व्यक्तिहरूलाई लगेका हुन्छन्। उनीहरू आ–आफ्ना क्षेत्रमा विज्ञ र विशेषज्ञ व्यक्ति रहेका हुन्छन। प्रतिनिधि सभामा यता उता भए पनि राष्ट्रिय सभामा बहुतै विचार पु¥याएर काम गरेका हुन्छन् किनभने यो विज्ञहरूको सदन हो। राष्ट्रिय सभामा दलभन्दा माथि उठेका व्यक्तिहरूलाई पठाउनु पर्छ। यस कुरामा पार्टीहरू सचेत हुनै पर्छ अन्यथा राष्ट्रले चाहेका नियम कानून आउन सक्दैन र देश समस्याको भूमरीमा पस्दै जान्छ। त्यसैले देशलाई भूमरीबाट जोगाउने काम पनि यसै सदनको जिम्मामा रहेको हुनाले सधैं सचेत भई काम गर्नुपर्छ।

अहिले राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि ५२ जनाले उम्मेदवारी दिएका उम्मेदवारीलाई छाटछूट गरी यहि पुस २७ गते अन्तिम नामावली निकालेका छन्। यसमा सातै प्रदेशबाट महिला र अन्य समूहतर्फ सात÷सात, अपाङ्गता भएका व्यक्ति वा अल्प संख्याबाट तीन र दलिततर्फ दुई जना निर्वाचित गर्नु पर्ने हुन्छ। प्रमुख दलहरूले सबैप्रदेशमा आ–आफ्ना उम्मेदवार उठाएका छन्। गठबन्धन दलले सबै क्षेत्रमा आफ्ना दल उठाएका छन् जो बढी जित्ने सम्भावना भित्र रहेका छन्। यसमा साना दलहरूलाई पाखा लगाइएको छ। साना दलहरूले पनि ठाउँ ठाउँमा आफ्ना उम्मेदवार उठाएर आफ्ना शक्ति प्रदर्शन गरिरहेका छन्। राष्ट्रिय सभामा सत्ता गठबन्धनमा आबद्ध साना दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी, राष्ट्रि जनमोर्चाले भागबण्डामा स्थान पाएका छैनन्। जनमोर्चाले राष्ट्रपतिबाट मनोनित हुने सदस्य पाएको छ। यस्तै राप्रपा र रास्वपार्टीले पनि सबै क्षेत्रमा आफ्ना उम्मेदवार उठाएका छन्।

यस निर्वाचनमा सत्ता गठबन्धनको जीत प्राय निश्चित देखिन्छ। सातै प्रदेशमा गठबन्धनको मतभार अगाडि देखिन्छ। कोसीमा गठबन्धनको ५४७४, मधेशमा ७९०४, बागमतीमा ६७३२, गण्डकीमा ३७७४, लुम्बनीमा ५४७७, कर्णालमिा ३७२२ र सुदूरपश्चिममा ४४५७ रहेका छन भने एमालेको क्रमशः ४२१०, २३०२, २५७१, २४५८, २८१०, ११९५ र १४८० रहेका छन्। यसलाई तुलना गर्दा गठबन्धन उम्मेदवारको जीत लगभग निश्चित देखिन्छ। एमालेले १९ वटै सिटमा उम्मेदवारी दिएको छ। सत्ता गठबन्धनबाट अधिकांश उम्मेदवार यस अघि नै अवसर पाएकाहरू छन्।

यिनीहरू उठाएका उम्मेदवारहरू सविधानको मर्म अनुसार देखिएन। संविधानले चाहेका उम्मेदवार नउठाउँदासम्म सही मानेमा माथिल्लो सदनको औचित्यता प्रमाणित भएको देखिँदैन। पार्टीहरू अहिले राष्ट्रिय सभाको मर्म अनुसार उम्मेदवार दिन सकेका छैनन्। विज्ञ, क्षमतावान र अनुभवीलाई भन्दा चुनाव हारेका, गुट र आफ्ना नजिकलाई उम्मेदवारीमा प्राथमिकता दिएका छन्। धेरै जसो उम्मेदवार प्रतिनिधि सभाको आम निर्वाचनमा हारेका छन्। कतिपय समानुपातिकमा आउन नसकेर यसमा मौका पाएका छन्। पार्टीहरू आ–आफ्ना पार्टीतह भन्दा माथि उठेर उम्मेदवार दिनसकेनन्। देशमा विभिन्न तहका विज्ञ तथा अनुभवीहरू छुट्न गएका छन्। पार्टीभन्दा माथि उठेर यिनीहरूलाई समेत मौका दिनु पर्ने थियो। पार्टीभन्दा अलगबाट आएका उम्मेदवार जितेर जाँदा भोलि उनले जुन पार्टीबाट जितेर गएका छन् त्यस पार्टीलाई पनि असल कुरा बताउन पछि पर्दैनन्। पार्टी नेता र कार्यकर्ता पार्टीमा आफ्ना नेताहरूका सामुने त्यति प्रष्टरूपले भन्न सक्दैनन्।

निष्कर्षमा आउँदा पार्टीहरूले सोचेर मात्र उम्मेदवार दिनुपर्छ। जसलाई जनताले तिरष्कार गरेका छन्। त्यस्ता उम्मेदवारलाई उभ्याएर पार्टीले आफ्नो गरिमालाई नै खसाएको देखिन्छ। प्रत्येक पार्टीमा स्वच्छ छवि भएका व्यक्तित्वहरू छन्। त्यस्तालाई पाखा लगाएर भोलि पार्टीलाई घाटा हुन्छ। राष्ट्रिय छवि बनाएका व्यक्तित्वलाई यस्ता पदमा लग्नु उत्तम मानिन्छ र राष्ट्रिय सभाको उदेश्य पनि त्यही हो।

सातवटै प्रदेशमा बहुमत देखिएका सत्ता गठबन्धनका दलले संविधानको मर्म र राष्ट्रिय सभाको चरित्रलाई आत्मसात नगरी उम्मेदवार बनाएका छन्। खास गरी नेपाली काँग्रेस सबैभन्दा ठूलो पार्टीको हैसियतले गठबन्धनमा बढी सिट पाएर यसबारे सोच्नु पर्ने पहिलो कर्तव्य थियो। काँग्रेसले गत वर्ष चुनाव हारेका, पटक पटक अवसर पाएका र गुटभित्र पनि नेतृत्वको नजिक भएकालाई उम्मेदवार बनाएकोमा पार्टीभित्रै विरोधको सामना गर्नु परिरहेको देखिन्छ। राष्ट्रिय सभाका लागि २० सिटको भाग बण्डामा १० सिट काँग्रेसले पाएको छ। काँग्रेसले सोच्नु पथ्र्यो।

# सामाजिक सुरक्षा कार्यक्रम लागू गर्न तहगत जिम्मेवारी

**रासस**
**काठमाडौँ ।**
सङ्घ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारीभित्र पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको विभाजनसहित एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० जारी भएको छ । गत मङ्सिर २१ गतेको मन्त्रिपरिषद् बैठकले एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्वीकृत गरेको हो । हाल राज्यबाट विभिन्न १९ वटा कार्यक्रमअन्तर्गत ८७ वटा ‘स्किम’मा सामाजिक सुरक्षा र संरक्षण उपलब्ध भइरहेका छन् । सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरु एकीकृत ढाँचामा सञ्चालन हुन नसक्दा विभिन्न सरकारी निकायबाट प्रदान गरिने सेवासुविधामा दोहोरोपना हुनाका साथै सञ्चालन खर्च बढेको थियो । सामाजिक सुरक्षा र संरक्षणका लागि अन्तरनिकाय जिम्मेवारी र जवाफदेहिता तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धबारे स्पष्ट थिएन । एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाले तीन तहका सरकारको जिम्मेवारी निर्धारण गरेको छ ।

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरु हाल १४ वटा मन्त्रालय र ती मातहतका विभिन्न निकायबाट कार्यान्वयन भएका छन् । प्रदेश सरकार र स्थानीय तहले पनि सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिरहेका छन् । यी कार्यक्रममा अन्तर–आबद्धता कायम गरी दोहोरोपन हटाउन नसकेको अवस्था छ ।

एकीकृत नीति कार्यान्वयनपछि यस्तो दोहोरोपन हट्ने र सामाजिक सुरक्षा कार्यक्रमप्रति तीनवटै तहका सरकारको जवाफदेहिता बढ्ने ठानिएको छ ।

**तहगत जिम्मेवारीः**
एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाअनुसार सामाजिक सुरक्षा भत्ता, सरुवा रोगको निःशुल्क उपचार, खाद्यान्न ढुवानी अनुदान, कण्ठरोग नियन्त्रण, सुरक्षित नागरिक आवास कार्यक्रम, स्वास्थ्य बीमा कार्यक्रम र वैदेशिक रोजगारीका लागि आर्थिक सहायता कार्यक्रम सङ्घीय सरकारको कार्य जिम्मेवारीभित्र समावेश गरिएको छ ।

सङ्घ र प्रदेश सरकारको संयुक्त जिम्मेवारीमा निःशुल्क कानुनी सहायता, निवृत्तिभरण, उपदान, उपचार खर्च, बीमा, कर्मचारी सञ्चयकोष र सामाजिक सुरक्षा कोषका कार्यक्रम छन् । एड्स तथा यौनरोग नियन्त्रण, कुष्ठरोग नियन्त्रण कार्यक्रम, जग्गा स्वामित्व प्राप्तिमा छुटलाई प्रदेशको एकल जिम्मेवारीमा राखिएको छ । तीनवटै तहको जिम्मेवारी रहेका कार्यक्रममा विपन्न स्वास्थ्य उपचार कार्यक्रम, राहत, उद्धार तथा पुनः स्थापना कार्यक्रम छन् । स्थानीय तहको एकल जिम्मेवारीमा सबै प्रकारका छात्रवृत्ति, विद्यालय खाजा कार्यक्रम, समाज कल्याण कार्यक्रम, हवाई उद्धार सेवा, बाल कल्याण सहयोग, बाली तथा पशुपन्छी बीमा, उखु उत्पादक किसान अनुदान, ब्याज अनुदान, जडीबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान र प्रधानमन्त्री रोजगार कार्यक्रम छन् । सङ्घ र स्थानीय तहको जिम्मेवारीमा युवा स्वरोजगार कोष, मुक्त हलिया अनुदान, ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम छन् । प्रदेश र स्थानीय तहले संयुक्त जिम्मेवारीमा गर्नुपर्ने काममा आमा सुरक्षा कार्यक्रम, प्रसूतिपूर्वको सेवा, आमा र बच्चा पोषण परिपूरण कार्यक्रम छन् ।

सामाजिक सुरक्षा कार्यक्रममा तीन तहका सरकारबीच देखिएको दोहोरोपन हटाउन सूचना प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने आवश्यकता एकीकृत संरचनाले औँल्याएको छ । सबै निकाय तथा तहगत सरकारबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमलाई अब एकल प्रणालीमा आबद्ध गरिनेछ । त्यसैगरी, सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराई एकल परिचय नम्बरका आधारमा सामाजिक सुरक्षा उपलब्ध गराउने नीति सरकारले लिएको छ ।

सामाजिक सुरक्षाका हरेक कार्यक्रमको अलग–अलग सङ्केतका आधारमा बजेट व्यवस्थापन गर्ने नीति लिइने एकीकृत संरचनामा उल्लेख छ । भविष्यमा सञ्चालन गरिने सबै प्रकारका सामाजिक सुरक्षा भत्ता र सहयोग कार्यक्रमलाई अधिकारमा आधारित, आवश्यकतामा आधारित, बहुक्षेत्रगत सम्बन्ध तथा समन्वय र योगदानमा आधारित गरी चार प्रकारमा विभाजन गरिने भएको छ । अधिकारमा आधारित स्वास्थ्य, शिक्षा, आवासलगायत कार्यक्रममध्ये निःसर्त नगद हस्तान्तरणका काम सङ्घ सरकारबाट कार्यान्वयन गरिने जनाइएको छ । गरिबी तथा जोखिममा रहेका व्यक्ति, परिवार तथा समुदायको आवश्यकता पूरा गर्न सामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्तै, सामाजिक सुरक्षा र संरक्षणलाई जीवनयापन चक्रमा आइपर्ने गरिबी र जोखिम न्यूनीकरणका लागि आवश्यक संरक्षणका उपायका रुपमा विकास गरिने जनाइएको छ । सहभागिता, अपनत्व तथा वित्तीय दिगोपनासहितको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई सरकारले अधिक प्राथमिकता दिने एकीकृत संरचनामा उल्लेख छ । योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा लाभग्राही स्वयंको योदान, नेपाल सरकार वा तहगत सरकारबाट हुने योगदान, रोजगारदाताबाट हुने योगदान र तेस्रो पक्षीय योगदान रहनेछ ।

**सामाजिक सुरक्षामा १४ प्रतिशत खर्च**
नेपालमा सामाजिक सुरक्षाबाट ३२ प्रतिशतभन्दा बढी जनसङ्ख्या लाभान्वित भइरहेको छ । सामाजिक सुरक्षामा क्रमशः बढ्दै गएको खर्च दायित्वका कारण यस्ता कार्यक्रमको विस्तार र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । चालु आर्थिक वर्ष २०८०÷८१ मा कूल राष्ट्रिय बजेटको १४ दशमलव आठ प्रतिशत बजेट छुट्याइएको छ । चालु आर्थिक वर्षका लागि सरकारले कूल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँ बराबरको बजेट जारी गर्दा सामाजिक सुरक्षामा दुई खर्ब ५८ अर्ब ७९ करोड १९ लाख रुपैयाँ बराबर छुट्याइएको छ ।

बर्सेनि दायित्व बढ्दै गए पनि वित्तीय स्रोत अभाव मुख्य समस्या हो । करिब पूँजीगत खर्चकै हाराहारीमा सामाजिक सुरक्षा शीर्षकमा खर्च हुन थालेपछि एकीकृत संरचनामार्फत वित्तीय स्थायित्वका विभिन्न उपाय पनि पहिचान गरिएका छन् । दोहोरोपन हटाउन एकीकृत सूचना तथा व्यवस्थापन प्रणाली अनिवार्य रुपमा लागू गर्ने र योगदानरहित स्किमलाई योगदानमा आधारित उपायमा परिणत गर्ने नीति सरकारले लिएको छ ।

त्यसैगरी, सामाजिक सुरक्षाको खर्च व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारको कोष एकीकृत रुपमा परिचालन गर्ने, निजी तथा सामुदायिक र गैरसरकारी क्षेत्रको सहभागिता अभिवृद्धि गर्नेलगायत विभिन्न विधि अपनाइने उल्लेख छ । नगदमा उपलब्ध गराइने सामाजिक सुरक्षाको भुक्तानीमा निश्चित प्रतिशत सामाजिक सुरक्षा कर लगाइनुपर्ने एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा उल्लेख छ ।

# राष्ट्रियसभा सदस्यका उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान

**रासस**
**काठमाडौँ ।**
निर्वाचन आयोगले आगामी माघ ११ गते बिहीबार हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेको छ । निर्वाचन आयोगको स्वीकृत कार्यक्रमअनुसार शनिबार निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिह्न प्रदान गरेको हो । सातवटै प्रदेश निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिह्न प्रदान गरिएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । निर्वाचनमा आठ राजनीतिक दलका ५१ जना उम्मेदवार मैदानमा छन् । उक्त निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारी मनोनयनपत्र दर्ता भएको थियो ।

आयोगका अनुसार कोशी प्रदेशमा पाँच, मधेशमा पाँच, बागमतीमा १५, गण्डकीमा आठ र लुम्बिनी प्रदेशमा छ जना उम्मेदवार छन् । कर्णाली प्रदेशमा र सुदूरपश्चिम प्रदेशमा छ÷छ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । सातै प्रदेशमा महिला समूहतर्फ १८, दलित समूहतर्फ पाँच, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायतर्फ आठ र अन्य समूहतर्फ २० गरी जम्मा ५१ जना उम्मेदवार रहेका छन् ।

# सांसदलाई संसदीय दलले सक्रिय बनाउनुपर्छः लिम्बू

‘सदन होस् वा संसदीय समितिका बैठक, पुरानाका तुलनामा केही नयाँ विधायकले भने निकै सक्रियताका साथ काम गरेको अनुभूति गरेकी छु । कानुन र विधि बनाउने मुख्य जिम्मेवारीमा आइसकेपछि आफ्नो दायित्वलाई सबै सदस्यले बुझ्नुपर्छ ।’

**लीलादेवी बोखिम लिम्ब, प्रतिनिधिसभा सदस्य**



- केन्द्रले प्रदेशलाई अधिकार हस्तान्तरण गर्न चाहेको देखिएन
- सांसदले विकास पूर्वाधारका फाइल च्यापेर हिँड्नुपर्ने बाध्यता
- राज्यको सेवासुविधा लक्षित क्षेत्र र वर्गमा पुग्न सकेको छैन
- केन्द्रीय जनप्रतिनिधिसँग विकास माग्ने आदत अहिले पनि छ

**काठमाडौँ ।**
संसदमा प्रवेश गरेसँगै राष्ट्रपति, उपराष्ट्रपति र सभामुख छान्ने काममा प्रारम्भिक केही समय बित्यो ।

प्रधानमन्त्रीलाई पनि कहिले हामीले त, कहिले प्रतिपक्षले भोट दिनेजस्ता राजनीतिक उथलपुथलको अवस्था बन्यो । यस्ता काममा केही समय बढी खेर गएकै कारण अहिलेसम्म आइपुग्दा जिम्मेवारीअनुरूप अलि थोरै काम भयो कि भन्ने लागेको छ ।

निर्वाचनमा जनताले जेजस्तो सोचेर मतदान गरेका थिए, कार्यकालको सुरुआती समयमा त्यसअनुरूप राजनीति अघि बढ्न सकेन कि भन्ने भान परेको थियो । सङ्घीयता कार्यान्वयनका सवालमा हाम्रै कोशी प्रदेशमा समेत नामकरणसहित धेरै प्रश्न उब्जियो ।

सङ्घीय संरचनानुसार हामीले भूमिका निर्वाह गर्न सकेनौँ कि भन्ने लागेको छ । स्थानीय तह र जिल्ला समन्वयसमेतका विषयमा खर्चबर्चको पनि कुरा जोडिएको छ । प्रदेश स्थापना गरी सञ्चालनको अभ्यास गरिए पनि अधिकार भने दिइएन भन्ने आरोप छ । कतिपय प्रदेश सरकारमा राजनीतिक स्थायित्व पनि भएन, तिनले कार्य जिम्मेवारी पूरा नगरेको अवस्था छ । केही विषयमा अझै वादविवाद जस्तो देखिन्छ । उनीहरूले आफैँ कानुन बनाएर जान सकेको अवस्था छैन । सङ्घले पनि सहजै अधिकार हस्तान्तरण गर्न चाहेको देखिन्न ।

**सडक सञ्जाल पहिलो प्राथमिकता**
ताप्लेजुङ पहिराका हिसाबले जोखिमपूर्ण जिल्ला हो । त्यहाँ पहिरामा परेर धेरै ठूलो जनधनको क्षति भएको छ । गएको बर्खापछि म दुई महिनाभन्दा बढी जिल्लाका प्रत्येक गाउँमा पुगेर फर्किएँ । पहिराले धेरै क्षति पु¥याएको रहेछ, ग्रामीण सडक क्षतिग्रस्त बनेका छन् । पहिले एक जनप्रनिधिका नाताले मुख्य जिम्मेवारी विकास निर्माण नै होला भन्ने लागेको थियो तर सदनमा प्रवेश गरेपछि कानुन निर्माण नै सर्वाेच्च प्राथमिकतामा रह्यो । जनताको आशा भने आयोजना र विकासमै केन्द्रित छ । हामीले जिल्लामा सानो काम गरिदिँदा जनतालाई ठूलो राहत मिल्छ । हाम्रो जनजीवन र सामाजिक बनोटअनुरूप केन्द्रीय जनप्रतिनिधिसँग विकास माग्ने आदत अहिले नै अन्त्य भइहाल्छ जस्तो लाग्दैन । त्यसैले कहिलेकाहीँ मन्त्रालयका कोठाचोटामा जिल्लाका विकास, पूर्वाधारका फाइल च्यापेर हिँड्नुपर्ने बाध्यता छ । यी विषय आगामी निर्वाचन र पार्टीको जिम्मेवारीसँग जोडिने कुरा हुन् । सामाजिक दायित्व र समाजको चेतनानुसार सङ्घीय सांसद भए पनि जिल्ला र गाउँका ससाना कुरामा अहोरात्र खटिनुपर्छ ।

यस्ता कुरामा पार्टी कार्यकर्ता मात्र नभई स्थानीय तहका निर्वाचित जनप्रतिनिधिको समेत जोडबल रहन्छ । सरकारका मन्त्रीहरूप्रति मेरो एउटा गुनासो छः कुनै काम लिएर जाँदा हुने भए गरिदिने, नहुने हो भने यति कारणबाट हुन्न र सकिन्न भनी स्पष्ट जवाफ दिनुपर्छ, अल्झाएर राख्नुहुन्न । विधि र प्रक्रिया अर्थात् प्रणालीले काम गर्ने हो भने कोठाकोठा चहार्ने बाध्यता घट्छ ।

जनताका राम्रा प्रस्ताव र काम जुनसुकै अवस्थामा पनि गरिदिनुपर्छ भन्ने लाग्छ । राजधानीबाट टाढा, दुर्गमका जनताले धेरै आस गरेका हुन्छन् । ग्रामीण बस्तीमा पुग्ने मोटरबाटो, पहिरो नियन्त्रण, सदरमुकाममा सुविधासम्पन्न सामुदायिक र जिल्ला अस्पतालका नयाँ भवन निर्माण तथा प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिर पुग्ने सडक कालोपत्रे जिल्लाका प्राथमिकताप्राप्त आयोजना हुन् । ग्रामीण भेग भएकाले र सडक नहुँदा खासगरी सुत्केरीलाई अस्पताल पु¥याउन निकै कठिन छ । सडक सुविधा नहुँदा समयमै अस्पताल पुग्न नसकेर विगतमा, कोरोना महामारीमा धेरैको ज्यान गयो । विमानस्थल छ तर मौसमलगायत विविध कारणले विमान आउन्न । त्यसो भएकाले पनि सडक पहिलो प्राथमिकता बनेको हो । विभिन्न मनमोहक झर्ना, खोला र पोखरी मन्दिर आदि समेटिएको कञ्चनजङ्गा क्षेत्रयुक्त ताप्लेजुङ धार्मिक र पर्यटकीय हिसाबले वैभवशाली जिल्ला हो ।

**सदनको छलफलमा महिला**
सदन र विषयगत समितिमा हुने बहस तथा छलफलमा महिला सहभागिता प्रभावकारी छ । महिला भएकै कारण त्यहाँ हुने बहसमा अवसर नपाएको अवस्था छैन । संसद्मा बोल्न भने कुर्नुपर्छ नै । साना पार्टीमा भने बोल्ने पालो पटकपटक आइरहन्छ । निर्वाचन क्षेत्र, जिल्ला र देशका समसामयिक विषयमा आफ्ना कुरा राख्न नपाएको भन्ने कसैको गुनासो पाइन्न । जनताले भोग्नुपरेका दैनिक समस्या र विकास निर्माणका विषयमा महिला सांसदले नै सक्रियताका साथ धेरै बोल्ने अवसर प्राप्त गर्नुभएको छ ।

सदन होस् वा संसदीय समितिका बैठक, पुरानाका तुलनामा केही नयाँ विधायकले भने निकै सक्रियताका साथ काम गरेको अनुभूति गरेकी छु । कानुन र विधि बनाउने मुख्य जिम्मेवारीमा आइसकेपछि आफ्नो दायित्वलाई सबै सदस्यले बुझ्नुपर्छ । संसदीय दलले सांसदलाई सक्रिय र प्रभावकारी कार्यसम्पादनका लागि प्रेरित गर्नुपर्छ । संसदीय दलका बैठक पनि नियमित हुनुपर्छ । त्यहाँ कानुन निर्माण र विधेयकलाई समृद्ध तुल्याउने सन्दर्भमा पार्टीको आफ्नो दृष्टिकोणबारे बुझाउनुपर्छ । त्यसमा भने केही कमजोरी भएको छ । नियमित बैठक र स्पष्ट निर्देशन भएन भने अलमल हुन्छ । विभिन्न सदस्यलाई भिन्नभिन्न विषयमा बोल्न अह्राउनु र खटाउनुपर्छ । उठाइएका विषयलाई सम्बोधन गरिनुपर्छ ।

**जनतालाई काम र प्रोत्साहन छैन**
मुलुकमा लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलनमा एउटै मोर्चामा रही निर्णायक योगदान गरेका प्रमुख राजनीतिक शक्ति मुलुकको विकास र समृद्धिका कार्यसूचीमा एउटै दृष्टिकोणसहित एक ढिक्का हुनुपर्नेमा त्यसो नभएको अनुभूति भएको छ । जीवनको ऊर्जावान् समय सबै आन्दोलनमा गुमाउने हामीजस्ता धेरै छौँ । हामीले दुःखका साथ देशको राजनीतिक व्यवस्था पटक पटक परिवर्तन गर्यौं । कैयौँ पटक लडाइँ लडियो, धेरै सहिद भए । त्यस पक्ष र पाटालाई सोचेर सोहीअनुरूपको जिम्मेवारी दिइनुपर्छ । त्यो नहुँदा युवापुस्ताले अहिले राजनीतिप्रति चासो दिएको पाइन्न । हिजोका बलिदानीअनुरूप आज जनताले न काम पाउँछ, न खेतीपातीका लागि प्रेरणा र प्रोत्साहन दिइन्छ । त्यसले गर्दा ठुलो सङ्ख्यामा हाम्रो श्रमशक्ति बाहिरिएको छ । त्यसलाई रोक्न छिटो निर्णय नलिने हो भने अझ अप्ठेरो स्थितिमा पुग्ने अवस्था आउन सक्छ । लामो राजनीतिक यात्रामा निकै दुःखकष्ट भोगेका भन्दा नवप्रवेशीले अत्यधिक सेवासुविधा प्राप्त गरेर हिँड्ने परिस्थितिले अनियमिता र भ्रष्टाचार नियन्त्रण गर्न चुनौती खडा गरेको छ । पछिल्लो राजनीतिमा रहेका पुस्तामा पनि कर्तव्य र योगदानभन्दा स्वार्थीपन हावी छ । अहिले स्थानीय तहमा ठूलो भ्रष्टाचार भएको छ, त्यसलाई कार्यकर्ता भर्ती केन्द्र बनाइएको छ । राज्यको सेवासुविधा लक्षित क्षेत्र र वर्गमा पुग्न सकेको देखिन्न । भ्रष्टाचारको जरो गाउँगाउँमा पुगिसकेको छ । त्यहाँ अनुगमन र मूल्याङ्कनको खाँचो छ । पहुँच र प्रभावमा बजेट ल्याउने र खर्च गर्ने प्रवृत्तिले भ्रष्टाचारलाई मलजल गरेको छ । हाल शिक्षा विधेयकमाथि संसदीय समितिमा भइरहेको छलफल र सरोकार पक्षको कुरा सुन्दा राज्यको लगानी खेर गएकोजस्तो लाग्छ । अपाङ्गता भएका व्यक्तिको समस्या र रोदन सुन्दा झनै दुःखित तुल्याएको छ । योगदानअनुसारको न्यूनतम सेवा र सुविधा तथा सामाजिक सेवा नपाएको मात्र हैन, शिक्षाबाट ठूलो सङ्ख्या वञ्चित छ ।

सुलभ शिक्षा र रोजगारीका लागि युवापुस्ता विदेश जान बाध्य छ । घरको भात खाएर पढ्ने अवसर स्वदेशमै भएको भए उनीहरू देश छाडेर बाहिर जान्थेनन् होला । परिवार धान्न र रोजीरोटीका लागि विदेश जान तयार युवालाई रोक्न राज्यले आफूले बोल्ने र अवलम्बन गर्ने नीतिमा एकरूपता ल्याउनु आवश्यक छ ।

# शारीरिक अशक्तताका बाबजुद स्वर्णपदक जित्न सफल केशव

**रासस**
**म्याग्दी ।**
धवलागिरि गाउँपालिका–७ धारापानीका ३२ वर्षीय केशव थापाको खेलाडी बनेर प्रतिभा देखाउने र देशलाई चिनाउने सानैदेखिको सपना थियो । विसं २०६७ पुस २७ गते घाँस काट्ने क्रममा रुखबाट लडेपछि स्नातक तहको पहिलो वर्ष अध्ययन गर्दै गरेका थापाको कम्मरभन्दा तलको भाग नचल्ने भयो । अठार महिना अस्पताल र पुनःस्थापना केन्द्रमा उपचार गरेपछि मेरुदण्ड पक्षघात (स्पाइनल इन्जुरी) भएका थापा ह्विलचियरमा हिँडडुल गर्छन् । पढाइ र खेलमा अब्बल थापाले शारीरिक प्रतिकूलताका बाबजुद लक्ष्य हासिल र सपना पूरा गर्न हिम्मत हारेनन् । उनले ह्विलचियरकै साहराले शारीरिक अपाङ्गता भएकाबीच हुने पारा टेबल टेनिसको एक अन्तर्राष्ट्रिय र छ राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक जितेका छन् । उनले समाजशास्त्रमा स्नातकोत्तर गरेका छन् । ‘बास्केटबलमा मेरो रुचि र अनुभव थियो’, उनले भने, ‘शारीरिक अवस्था प्रतिकूल भएपछि नेपाल अपाङ्ग सङ्घले सञ्चालन गरेको खगेन्द्र नवजीवन गृहमा बसेर पढाइलाई निरन्तरतासँगै ह्विलचियरमै बसेर टेबल टेनिस र बास्केटबल खेल्न सिके, प्रतियोगितामा भाग लिएर सफल पनि भए’, उनले भने । आत्मविश्वास, निरन्तरको अभ्यास र मेहनतका कारण खेलकुद र पढाइलाई सँगसँगै अघि बढाउन सफल भएको थापाको अनुभव छ । पुनःस्थापना केन्द्रमा बस्दा समय व्यवस्थापनका लागि आफू जस्तै अन्य साथीले खेलेको देखेर थापाले ह्विलचियरमा बसेर टेबल टेनिस खेल्न सिकेका थिए । सन् २०१४ मा बङ्गलादेशमा भएको पारा टेबल टेनिस प्रतियोगितामा थापाले स्वर्णपदक दिलाएका थिए । नेपालको प्रतिनिधित्व गरेर उहाँले सन् २०१८, २०१९ र २०२२ मा भएको पारा एसियन टेबल टेनिस च्याम्पीयनसिप प्रतियोगितामा भाग लिएका थिए । पोल्याण्ड, जापान र थाइल्याडमा भएको छनोट खेलमा सहभागी हुनुभएका थापाले भूटानमा पारा टेबल टेनिसको अन्तर्राष्ट्रिय ‘कोच’सम्बन्धी पहिलो तहको तालिम लिनुभएको छ । राष्ट्रियस्तरको प्रतियोगितामा छ स्वर्णपदक जितेका थापाले अपाङ्गता मात्र नभई सवालङ्गलाई पनि टेबलटेनिस खेलसम्बन्धी प्रशिक्षण दिन्छन् । यसै वर्ष पेरिसमा हुने पारा ओलम्पिकको छनोट खेलको तयारीमा रहेका थापा मे महिनामा पाराओलम्पिक वल्र्ड क्वालिफिकेसन च्याम्पीयनसिपमा भाग लिन थाइल्याड जाने तयारीमा छन् । थापालाई युवा तथा खेलकुद मन्त्रालयले विसं २०७८ मा एक लाख रुपैयाँ राशिको खेल प्रतिभा पुरस्कार प्रदान गरेको थियो । नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घले विसं २०७६ मा ‘एनएनआइपीए अवार्ड’ बाट सम्मान गरेको थियो । धवलागिरि गाउँपालिकाले यही पुस २६ गते २१औँ गाउँसभाका अवसरमा १० हजार पाँच सयसहित थापालाई पुरस्कृत गरेको थियो । थापा स्पाइनल इन्जुरी नेटवर्कले काठमाडौँमा सञ्चालन गरेको विद्यालयमा स्पाइनल इन्जुरी भएका बालबालिकाले पढ्ने विद्यालयमा शिक्षण छन् । विद्यालयमा हाल १५ बालबालिका छन् । अनलाइनमा आधारित अपाङ्गता सहायता सामग्रीको व्यवसायलाई थापाले जीविकोपार्जनको माध्यम बनाएका छन् । सरकारले मेरुदण्ड पक्षघात भएकाका लागि उपलब्ध गराउने मासिक पाँच हजार रुपैयाँ औषधि उपचार खर्च थापाले पाउँछन् । ‘धेरै वर्षको प्रयासपछि दुई वर्षदेखि स्पाइनल इन्जुरी भएकाका लागि सरकारले औषधि उपचार खर्चको व्यवस्था मिलाएको छ’, उनले भने, ‘सार्वजनिक संरचना र शौचालय अपाङ्गतमैत्री बनाउन, मेरुदण्ड पक्षघात भएकाको शिक्षामा पहुँच बढाउन पैरवी गरिरहेका छौँ ।’ थापा ‘ह्वीलचियर’ को सहारा लिने मानिसको आत्मविश्वास बढाउने उद्देश्यले स्थापना भएको ‘मेरुदण्डीय पक्षघात समूह नेपाल’ को महासचिवको जिम्मेवारीमा पनि छन् । दाताको सहयोग जुटाएर छात्राबासको व्यवस्था मिलाएको उनले बताए ।

# कोभिड–१९ को जोखिम निरन्तर बढ्दै गयोः डब्ल्यूएचओ



**सिन्हा**
**जेनेभा ।**
विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का एक वरिष्ठ विज्ञले कोभिड–१९ को सङ्क्रमण विश्वभर फैलिँदै गएकाले जनस्वास्थ्य जोखिम विश्वव्यापी रूपमा उच्च रहेको बताएका छन् ।
अध्ययनका अनुसार कोभिड–१९ को पुष्टि गरिएका घटनाहरू सार्वजनिक भएभन्दा दुई देखि १९ गुणा बढी भएको महामारी तथा सङ्क्रमण रोकथामका लागि जिम्मेवार विश्व स्वास्थ्य सङ्गठनका अन्तरिम निर्देशक मारिया भान केरखोभले विशेष विश्लेषणमा बताएका हुन् ।
कोभिड–सम्बन्धित मृत्युमा ठूलो कमी आएको भएता पनि ५० देशबाट अझै पनि प्रति महिना करिब दश हजारको मृत्यु हुने गरेको रिपोर्ट गरिएको छ ।
भ्यान केरखोभले भाइरसको विकसित प्रकृतिको बारेमा चिन्ता व्यक्त गर्दै कोभिड–१९ को पछिल्लो संस्करणले विश्व स्वास्थ्य सङ्गठनद्वारा विश्लेषण गरिएको विश्वव्यापी अनुक्रमहरूको लगभग ५७ प्रतिशत प्रतिनिधित्व गर्ने बताएका छन् ।
विशेष मापदण्डद्वारा परिभाषित, गम्भीर थकान, फोक्सोको कमजोरी, न्यूरोलोजिक समस्याहरू, र रोगको तीव्र चरणपछि चार देखि १२ महिना वा सोभन्दा लामो समयसम्म रहिरहने हृदयघातजस्ता लक्षणसहित, कोभिडपछिको अवस्था चिन्ताको विषय भएको उनले बताए ।
डिसेम्बर २०२३ को अन्त्यसम्ममा ७० लाखभन्दा बढी कोभिड–१९ सङ्क्रमण पछि मृत्यु भएको विश्व स्वास्थ्य सङगठनले जनाएको छ ।




# विद्युत् प्राधिकरणले ६० अर्ब बराबरको आइपीओ बिक्री गर्दै




**रासस**
**काठमाडौँ ।**
सार्वजनिक संस्थानहरुमध्ये पछिल्ला दिनमा आर्थिक रुपमा सबल बन्दै गएको नेपाल विद्युत् प्राधिकरणले ६० अर्ब रुपैयाँ बराबरको साधारण शेयर (आइपीओ) बिक्री गर्ने भएको छ । प्राधिकरणले संस्थाको वित्तीय पुनःसंरचना गरी नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ बमोजिम संस्थाको शेयर सर्वसाधारणमा बिक्री गर्ने भएको हो । शेयर बिक्रीका लागि अर्थ मन्त्रालयले सहमति प्रदान गरिसकेको छ । अर्थको सहमतिपछि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले आवश्यक प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ । प्राधिकरण सञ्चालक समितिको गत मङ्सिर २५ गते बसेको बैठकले आवश्यक निर्णय गरेको छ । सञ्चालक समितिले अर्थ मन्त्रालयबाट अधिकृत पूँजी तीन खर्ब रुपैयाँ कायम गर्न सहमति भएकाले ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्समक्ष स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरेको छ । धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ बमोजिम खुद सम्पत्ति (नेटवर्थ) को दुई गुणासम्म प्रतिशेयर मूल्य कायम गरी प्रिमियम मूल्यमा हाललाई प्रस्तावित अधिकृत पूँजीको १० प्रतिशतसम्म सर्वसाधारणलाई शेयर जारी गर्न ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय भएको छ । निर्णय यही पुस १९ गते प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा मन्त्रालयमा पेस गरिसकेका छन् । प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत रहेका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले पनि सार्वजनिक संस्थालाई थप सबल बनाउने उद्देश्यका साथ शेयर जारी गर्न लागिएको बताए । सरकारले संस्थालाई आम नागरिकको बनाउने उद्देश्यका साथ यस्तो तयारी गरेको स्पष्ट पारेको छ । यसअघि नै सरकारले नेपाल दूरसञ्चार कम्पनीको समेत शेयर सर्वसाधरणमा बिक्री गरेको थियो । प्राधिकरणको शेयरको प्रतिकित्ता किताबी मूल्य करिब एक सय २५ कायम गर्ने र त्यसमा त्यति नै रकम प्रिमियम थप गरी शेयर निष्कासनको प्रस्ताव गरिएको छ । यस हिसाबले प्राधिकरणको शेयर किन्न चाहने सर्वसाधारणले प्रतिकित्ता दुई सय ५० रुपैयाँ खर्च गर्नुपर्नेछ । प्राधिकरणको हाल अधिकृत पूँजी एक खर्ब २५ अर्ब रुपैयाँ बराबर छ । सरकारको लगानीको प्राथमिकता विभिन्न क्षेत्रमा रहने हुँदा ऊर्जा क्षेत्रमा गरेको बजेट विनियोजनले मात्र प्राधिकरणको हालको पूँजीगत लगानीका लागि आवश्यक स्रोत पर्याप्त नभएको ठहर गरिएको छ । त्यसका लागि प्राधिकरणले वैकल्पिक स्रोतमार्फत लगानी जुटाउनुपर्ने अवस्था छ । वित्तीय व्यवस्थापनका लागि वैकल्पिक स्रोतका रुपमा विभिन्न वित्तीय उपकरण प्रयोग गर्ने तयारी गरेको छ । त्यसमा साधारण शेयर, कर्पोरेट बण्ड, डिवेन्चर, ग्रिन बण्ड आदिमार्फत स्रोत जुटाउनुपर्ने आवश्यकता रहेको प्राधिकरणको बुझाइ छ । हाल सहमति प्राप्त अधिकृत पूँजीको १० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्न आवश्यक छ । प्राधिकरण ऐन २०४१ को दफा (५) मा सर्वसाधारणलाई शेयर जारी गर्न सकिने व्यवस्था रहेको छ । सोही अनुसार प्राधिकरणको शेयर जारी गर्ने प्रस्ताव गरिएको हो । सर्वसाधारणलाई शेयर जारी गरी प्राप्त हुने रकम दीर्घकालीन लगानीका रुपमा जलाशययुक्त आयोजना निर्माण, प्रसारण तथा वितरण लाइनको विस्तार तथा सुदृढीकरण कार्यमा उपयोग गरिनेछ । प्राधिकरणसँग रहेको स्थिर सम्पत्तिको आधारलाई उपयोग गरी वित्तीय उपकरणमार्फत स्रोतको व्यवस्थापन गरी ठूला आयोजना निर्माण गर्न सकिने छ । शेयर जारी गर्दा प्राधिकरणको शेयर संरचनामा परिवर्तन हुनाका साथै सरकारको जोखिम तथा दायित्व कम हुने, सञ्चालक समितिमा शेयरधनीको प्रतिनिधित्व हुने भएकाले उत्तरदायित्व, पारदर्शिता, स्वायत्तता र सुशासनमा थप अभिवृद्धि हुनेछ । प्राधिकरणको अधिकृत पूँजी तीन खर्ब रुपैयाँको १० प्रतिशत शेयर पहिलो चरणमा सर्वसाधारणलाई जारी गर्न प्रस्ताव गरिएको छ । प्राधिकरणको आव २०७८÷७९ सम्मको शेयर पूँजी एक खर्ब ७५ अर्ब र सञ्चित नाफासहितको जगेडा कोष २७ अर्ब रुपैयाँ गरी जम्मा दुई खर्ब दुई अर्ब नेटवर्थ (शेयर निष्कासन प्रयोजनका लागि) रहेको छ । धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को दफा २५ (क) बमोजिम खुद सम्पत्ति (नेटवर्थ) को अधिकतम दुई गुणासम्म प्रतिशेयर मूल्य कायम गरी प्रिमियम मूल्यमा शेयर निष्कासन गर्न सकिने व्यवस्था छ । अधिकृत पूँजी तीन खर्ब रुपैयाँ पु¥याउने गरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकाले पूँजीको १० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्ने स्वीकृतिका लागि कार्यकारी निर्देशकले सञ्चालक समितिसमक्ष प्रस्ताव गरेका थिए । प्राधिकरणले यस वर्ष पनि ‘डबल ए प्लस क्रेडिट रेटिङ’ पाएको छ । इक्रा नेपालले प्राधिकरणको क्रेडिट रेटिङ गरी ‘इक्रा एनपी डबल ए प्लस’ स्तरको रेटिङ प्रदान गरेको छ । अघिल्लो वर्ष पनि प्राधिकरणले सोही रेटिङ पाएको थियो । डबल ए प्लस रेटिङ प्राप्त गर्ने संस्थाको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमै बहन गर्न सक्ने उच्च क्षमता सुरक्षित रहन्छ । डबल ए प्लस रेटिङ पाउने संस्थासँगको वित्तीय कारोबारमा ज्यादै न्यून ऋण भुक्तानी जोखिम हुन्छ । इक्राले प्राधिकरणको वित्तीय अवस्था, सम्पत्ति, व्यावसायिक तथा वित्तीय जोखिमहरुको विश्लेषण, व्यवस्थापकीय क्षमता, सञ्चालन प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा बाह्य वातावरणीय तत्वहरुलगायतको विश्लेषण गरेको थियो । सोही विश्लेषणका आधारमा प्राधिकरणको क्रेडिट रेटिङ गरिएको हो । क्रेडिट रेटिङमार्फत कुनै व्यक्ति वा सङ्गठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्याङ्कन गर्ने तथा राय प्रकट गर्ने काम गरिन्छ । यसमा संस्थाको ऋण दायित्व भुक्तान गर्ने क्षमता सम्बन्धमा निहित जोखिमबारे सरल र बुझ्न सकिने साङ्केतिक सूचकका रुपमा राय दिइन्छ । विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित व्यवस्था गर्न सरकारको पूर्ण स्वामित्वमा प्राधिकरण स्थापना गरिएको हो । प्राधिकरणले देशभित्र विद्युत् उत्पादन, प्रसारण र वितरणका अतिरिक्त आन्तरिक तथा सीमापार विद्युत् व्यापार पनि गरिरहेको छ । सरकारले विद्युत् विकासका आफ्ना कार्यक्रम कार्यान्वयन गर्न वार्षिक रुपमा बजेट विनियोजन, शेयरमा लगानी (नगद वा ब्याज–साँवा पूँजीकरण) र अन्य आवश्यक रकम÷सञ्चालनमार्फत प्राधिकरणलाई सहयोग गरिरहेको छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङका अनुसार सार्वजनिक निकायमध्ये प्राधिकरणले डबल ए प्लस क्रेटिड रेटिङ पाएकाले संस्थामा वित्तीय दायित्व बहन गर्न सक्ने उच्चतहको सुरक्षित क्षमता देखिएको छ । ‘क्रेडिट रेटिङबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो देखिएको छ । ऋण तिर्न सक्ने क्षमता देखिएको छ’, उनले भने । कार्यकारी निर्देशक घिसिङका अनुसार आन्तरिक माग धान्न हिउँदका केही महिनामा हुने विद्युत् आयात प्रतिस्थापन छिट्टै हुँदैछ । हरेक वर्ष हुने विद्युत् निर्यात वृद्धि, आन्तरिक रुपमा हुने विद्युत् खपत वृद्धि तथा प्रणालीको चुहावट नियन्त्रणमा हासिल भइरहेका सफलताले संस्थाको नाफा बढ्दै गएको देखाएको उनको भनाइ छ । विद्युत् उत्पादनतर्फका आयोजनाहरु निर्माण र विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रणाली सुधार तथा विस्तारका लागि ठूलो पूँजी आवश्यक पर्ने छ, यसका लागि संस्थाले कमाएको नाफा र शेयर निष्कासनबाट प्राप्त हुने रकमबाट लगानीको खाडल पूरा गर्ने योजना तय गरेको छ । प्राधिकरणले स्वदेशी तथा विदेशी लगानीकर्ताहरुले निर्माण गर्ने जलविद्युत् आयोजनाहरुसँग दीर्घकालीन विद्युत् खरिद सम्झौता (पिपीए) गरिहेको छ । क्रेडिट रेटिङको नतिजाले त्यस्ता आयोजनाको रकम भुक्तानी गर्न प्राधिकरणसँग उच्चस्तरको वित्तीय क्षमता रहेकाले लगानी जोखिम नरहेको दखिन्छ । इक्रा नेपालले प्राधिकरण सरकारको पूर्ण स्वामित्वमा रहेको, विद्युत् प्रसारण, वितरण र मुलुकभित्र तथा बाहिरी मुलुकसँग विद्युत् खरिद–बिक्रीको एकाधिकार प्राप्त तथा सरकारको रणनीतिक संस्था भएको, सहायक कम्पनीसहित करिब एक हजार एक सय मेगावाटको विद्युत् उत्पादन क्षमता भएको, सरकारले हरेक वर्ष बजेटमार्फत ऋण र शेयरमा लगानी गर्ने गरेको उल्लेख गरेको छ । प्रसारण तथा वितरण प्रणाली सुधार तथा विस्तारका लागि गरिएको पूँजी प्रतिबद्धताले प्राधिकरणलाई अल्पकालीन रुपमा संस्थाको नगद प्रवाहमा चाप पार्न सक्ने इक्रा नेपालले उल्लेख गरेको थियो । प्राधिकरणले गत आर्थिक वर्ष २०७९÷८० मा रु १२ अर्ब ३३ करोडको खुद नाफाको प्रक्षेपण गरेको छ । प्रणालीको विद्युत् चुहावट हाल १३ प्रतिशत बराबर छ ।

# अफगानिस्तानमा मानव अधिकार कुण्ठितः ह्युमन राइट्स वाच

**एएनआई**
**काबुल ।**
अफगानिस्तानमा तालिबान सरकार स्थापनापछि आधारभूत मानव अधिकार र विशेषगरी महिलाको अधिकारलाई कुण्ठित गरिरहेको मानव अधिकारवादी अन्तर्राष्ट्रिय सङ्घसंगठनहले जनाएका छन् । ह्युमन राइट्स वाचले हालै सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार तालिबानले अफगानिस्तानमा महिला अधिकारमाथि दमन बढाएको उल्लेख छ । ह्युमन राइट्स वाचकी कार्यकारी निर्देशक तिराना हसनले सन् २०२३ संसारभर कैयौँ युद्ध अपराध र मानव अधिकार उल्लङ्घनको वर्ष भएको बताएका छन् । उनले राज्यहरूलाई मानव अधिकारको रक्षा गर्ने आफ्नो प्रतिबद्धताको सम्मान गर्न आग्रह गरे । प्रतिवेदनमा महिलालाई विद्यालय जान निषेध गरिएको विश्वको एक मात्र देश अफगानिस्तान रहेको उल्लेख गरिएको छ । प्रतिवेदनमा तालिबानले सन् २०२३ मा महिला प्रदर्शनकारीलाई दमन गर्ने, स्वेच्छाचारी ढङ्गबाट महिला अधिकारकर्मीलाई हिरासतमा राख्ने, केही महिलालाई नजरबन्दबाट बेपत्ता बनाउने, उनीहरू र उनीहरूका परिवारलाई यातना दिनेलगायत दमनकारी नीतिहरूको कार्यान्वयनलाई तीव्रता दिएको उल्लेख गरिएको छ ।
महिलाहरूलाई काम गर्न प्रतिबन्ध लगाउँदा धेरै अफगानी महिलाहरूको जीविकोपार्जनमा क्षति पुगेको छ र देशको आर्थिक सङ्कटका लागि आंशिक रूपमा दोषी ठह¥याइएको छ । प्रतिवेदनले अफगानिस्तानका लागि मानवीय सहायता कत्तिको महत्वपूर्ण छ भन्ने कुरा पनि उल्लेख गरेको छ । देशको आर्थिक सङ्कटले लगभग दुई तिहाइ मानिसहरूलाई यसको खाँचोमा पारेको छ ।
यस सङ्गठनले उठाएका मुख्य मुद्दामध्ये नागरिक समाज, अफगान महिलाहरूमाथि जारी उत्पीडन, अफगानी सञ्चारमाध्यमको व्यापक नियन्त्रण र अफगान पत्रकारहरूको गिरफ्तारी हो । ह्युमन राइट्स वाचले आफ्नो प्रतिवेदनमा अफगानिस्तानको बढ्दो गरिबीको मुख्य कारण अफगानिस्तानमा तालिबानको कब्जा, अन्तर्राष्ट्रिय प्रतिबन्ध र वर्षौंको खडेरी रहेको उल्लेख गरेको छ । सन् २०२१ को अगष्टमा सत्ता कब्जा गरेपछि तालिबानले महिला अधिकारप्रति नरम दृष्टिकोण अपनाउने प्रारम्भिक प्रतिबद्धता जनाए पनि उच्च शिक्षामा लगाइएको प्रतिबन्ध सशस्त्र समूहले देशलाई थप पृथकीकरण गर्न र समाजमा महिलाको भूमिकालाई सीमित गर्न चालेका धेरै कदमहरूमध्ये एक मात्र हो । सन् २०२१ को अगष्टपछि तालिबानले छात्राहरूलाई छैटौं कक्षाभन्दा माथिको विद्यालय जान प्रतिबन्ध लगाएको छ र सार्वजनिक स्थलमा जाँदा महिलाहरूले हिजाब लगाउनुपर्ने र पुरुष सहयोगीसँग मात्र यात्रा गर्नुपर्ने कडा नियम लागू गरेको थियो । तालिवान प्रशासनले महिलाहरूले प्रयोग गर्ने ब्यूटी सैलुनहरू बन्द गरेका र उनीहरूलाई घरेलु र अन्तर्राष्ट्रिय गैर–सरकारी सहायता समूहहरूसँग काम गर्नबाट रोकेका छन् ।

# बोक्सीका नाममा पीडितलाई राहत



**मधेशदृष्टि**
**जनकपुरधाम ।** औरही नगरपालिका–९, अज्गेबारकाकी कथित बोक्सी घटनाका पीडित ५६ वर्षीया झब्सी ठाकुरलाई अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) अन्तर्गत मानवअधिकार सहायता कक्षद्वारा आर्थिक सहयोग प्रदान गरिएको छ ।
परिवारको आर्थिक अवस्था कमजोर भएको हुनाले मानव अधिकारकर्मीको उपस्थितिमा इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानले पीडित परिवरलाई नगद ८ हजार रुपैयाँ हस्तान्तरण गरे । पीडितलाई २०७८ कात्तिक ११ गते उनका छिमेकी ३५ वर्षीया रामशीला मण्डल, ४० वर्षीय सोनेलाल मण्डल, २० वर्षीय कृष्ण मण्डल, २० वर्षीय रामउदय मण्डल, ३५ वर्षीया दुखनी मण्डल, रामतलेबर मण्डल, ५५ वर्षीया शान्ति मण्डल, ६० वर्षीया हसिम बैठा र ३० वर्षीय अख्तर बैठाले बोक्सोको आरोप लागाउँदै पीडित ठाकुरको घरमै प्रवेश गरी घाँटीमा पासो लगाएर घिसार्दै कुटपिट गरी आँखामा धारिलो हँसियाले प्रहार गरी अचेत बनाएको थियो ।
पीडितको स्वास्थ्य उपचार जनकपुरस्थित सिटी अस्पतालमा भएको डिएसपी दिलिप कुमार गिरीले बताए ।
आरोपितले पीडितलाई कुटिपिट गर्नुका साथै मलमूत्रसमेत खुवाएको भन्दै पीडितले २०७८ कात्तिक १२ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बोक्सी र कुटपिट शीर्षकमा किटानी जाहेरी दिएको इन्क्पेक्टर महेन्द्र खड्काले बताए ।
'आरोपितविरुद्ध २०७८ मङ्सिर ७ गते जिल्ला अदालत महोत्तरीमा दर्ता भएका मुद्दा हालसम्म १६ पटक पेशी भए पनि मुद्दा भएको छैन,' श्रेष्तेदार नुतन झाले बताए । आरोपित अदालतको आदेशअनुसार धरौटीमा छुटेका थिए ।

# सामुहिक भावनाबाट मात्र समृद्ध समाज बन्ने




**मधेशदृष्टि**
**जनकपुरधाम ।** धनुषा, हंसपुर नगरपालिकाकी उपप्रमुख दुर्गीदेवी मण्डलले सामुहिक भावनाबाट मात्र समृद्ध समाज निर्माण बताएकी छन् ।
शनिबार, हंसपुर–२ बकचौरास्थित माँ अम्बे कृषि सहकारी संस्थाको प्रथम वार्षिक साधारण सभामा उपप्रमुख मण्डलले आत्मनिर्भर समाज निर्माणमा महिलाको विशेष भूमिका रहेकोमा जोड दिँदै सहकार्य भावयुक्त सोचाइ हुनुपर्नेमा जोड दिइन् ।
उनले सहकारी विज्ञानमा आधारित एउटा कला भएको तर आजकल एउटाको बदमासीले राम्रा सहकारी पनि बदनाम भइरहेको बताइन् । उनले सहकारीकर्मीले पेसागत आचरण सुधारमा ध्यान दिनु पर्ने बताइन् ।
मण्डलले गाउँघरमा जरुरतका बेलामा सहकारी संस्थाले ऋण सहयोग गरेर आत्मनिर्भर बनाएको र बचतको बानी बिकास गर्नसके स्वतः समृद्ध समाज निर्माण हुने बताइन् । माँ अम्बे कृषि सहकारी संस्थाका अध्यक्ष मदन कुमार झाको अध्यक्षतामा भएको कार्यक्रममा उत्कृष्ट बचतकर्तालाई सम्मान गरिएको थियो । हंसपुर नगरपालिका वडा नम्बर २ का अध्यक्ष जयनारायण कापडीले बचतले भविष्यमा सहज हुने भएकाले बचत गर्ने बानी विकास गर्नुपर्ने बताए ।




**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

**वीरगंज महानगरपालिका**
**वडा नं. ३० को कार्यालय**



**हाटबजारः** धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–६ मा लाग्ने साप्ताहिक सखुवाबजार हाटमा शनिबार माघे सङ्क्रान्तिको लागि तिल, च्युरा र मुरही खरिद बिक्री गरिँदै ।
तस्बिरः अजयकुमार साह, रासस

# शितलहरले अत्यधिक चिसोः जनजीवन प्रभावित

**रासस**
**धनुषा ।** विगत केही दिनदेखि तराई मधेशका जिल्लामा शितलहर चलेर बाक्लो कुहिरो लाग्न थालेपछि अत्यधिक चिसो बढेको छ । मधेश प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, सिरहा जिल्लामा अत्यधिक मात्रा बाक्लो कुहिरोसँगै चिसो बढेको छ ।
शितलहरका कारणले बालबालिका, वृद्ध वृद्धा, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा मजदुर वर्ग बढी मात्रामा प्रभावित बनेका छन् । चिसोका कारणले दम तथा रुघाखोकीका बिरामीको सङ्ख्या बढेको छ । उपचारका लागि स्वास्थ्य संस्था आउने सङ्ख्यामा समेत वृद्धि भएको प्रादेशिक अस्पताल जनकपुरधामले जनाएको छ । प्रादेशिक अस्पताल जनकपुरधामका वरिष्ठ बालरोग विशेषज्ञ डा. जामुनप्रसाद सिंहले अत्यधिक चिसो बढेसँगै बालबालिकामा रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य समस्या अत्यधिक मात्रामा देखिन थालेको जानकारी दिए । चिसो अत्यधिक मात्रामा बढेपछि विद्यालयमा विद्यार्थीको उपस्थिति घट्न थालेको छ । धेरैजसो विद्यालयमा जाडो बिदा दिइएको छ ।
शितलहरका कारणले सानासाना विद्यार्थी प्रभावित हुन थालेको भन्दै जनकपुरधाम उपमहानगरपालिकाका सम्पूर्ण विद्यालय बन्द गरिएको छ । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीद्वारा जारी सूचनामा पुस २९ गतेदेखि माघ ९ गतेसम्म नगर क्षेत्रका सम्पूर्ण विद्यालयमा जाडो बिदा दिने निर्णय गरिएको उल्लेख छ ।
शितलहरसँगै चिसो हावाको कारणले जाडो अत्यधिक मात्रामा बढेसँगै प्रमुख बजार र ग्रामीण भेगमा चहलपहल घटेको छ । यस क्षेत्रमा लाग्ने बाक्लो कुहिरोका कारणले ग्रामीण क्षेत्रमा यातायातका साधन चलेका छैनन् । ग्रामीण भेगमा दाउरा नहुँदा स्थानीय गोबरको गुइँठा, परालको जोहो गर्न लागेका छन् । बाक्लो कुहिरोका कारणले तेलहन, दलहन, आलु खेतीलगायतमा नकारात्मक असर पर्नुका साथै पशु चौपाया पनि प्रभावित हुन थालेका छन् । आइतबारदेखि हुस्सु लाग्ने क्रम बढेको छ । घाम लाग्न छोडेको छ । लगातारको चिसो सिरेटोले गाईवस्तुको आहार जुटाउन र स्याहारसम्भार गर्न कठिन भएको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–२ रमदैयाका रामविलास यादवले बताए ।
आगोले जलेर मृत्यु
सप्तरी, तिरहुत गाउँपालिका–५ मुसहरि टोलका ३५ वर्षीया सोनिला देवी सदाको आगोले जलेर शनिबार बिहान मृत्यु भएको छ ।
आफ्नै घरअगाडि बालेको घुर ताप्ने क्रममा लगाएको कपडामा आगो सल्किएर गम्भीर घाइते भएकी उनको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारको उपचारक्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# जोडियो २३ उद्योगको लाइन

**मधेशदृष्टि**
**जनकपुरधाम ।** नेपाल विद्युत् प्राधिकरणले ट्रङ्क र डेडिकेटेड लाइनको बक्यौता नतिरेको भन्दै काटिएका २३ वटै उद्योगको लाइन जोडेको छ ।
शुक्रबार बेलुकी जगदम्बा स्टिलबाट लाइन जोड्न सुरु गरिएको र राति सबै उद्योगको लाइन जोडेको हो ।
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको अध्यक्षतामा बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले मन्त्रिपरिषद्को निर्णय बमोजिम काटिएको विद्युत् लाइन जोड्ने निर्णय गरेको थियो । यसअघि गएको मङ्गलबार बसेको मन्त्रिपरिषद्को बैठकले लाइन जोड्न दिने निर्णयसँगै प्राधिकरण र उद्योगीहरूबीचको महसुल बक्यौताको विवाद समाधानका लागि जाँचबुझ समिति गठन गरेको थियो । प्राधिकरणका अनुसार ट्रङ्क र डेडिकेटेड लाइन लिएका ६१ वटा उद्योगले शुल्क तिर्न बाँकी छ ।

# माघे संक्रान्तिमा खिचडी महोत्सव हुने



**मधेशदृष्टि**
**जनकपुरधाम ।** श्री राम जानकी युवा कमिटीले माघे संक्रान्तिको अवसरमा शुभकामना आदानप्रदानसहित खिचडी महोत्सव गर्ने भएको छ ।
कमिटीले माघ १ गते जनकपुरको पेठिया गाछीमा खिचडी महोत्सव र शुभकामना आदान प्रदान कार्यक्रम गर्न लागेको अध्यक्ष धर्मेन्द्रकुमार साहले बताए ।
कमिटीले युवा पुस्तालाई संस्कृति र सभ्यतासँग जोड्न यस्तो कार्य गर्न लागेको हो ।

# मधेश प्रदेश सरकार...

वार्षिक प्रतिवेदनको परिच्छेद–२ अनुसार १९ करोड ३२ लाख ४२ हजार रुपैयाँ पेश्कीमध्ये सरकारी कार्यालयको १८ करोड ९९ लाख ६४ हजार रुपैयाँ छ भने समिति तथा अन्य संस्थाको ३२ लाख ७८ हजार रुपैयाँ पेश्की रहेको लेखापरीक्षणले देखिएको छ ।
कर्मचारीको पेश्की ३ करोड ३१ लाख ७७ हजार रुपैयाँ छ । त्यसमा सरकारी कर्मचारीको पेश्की रकम २ करोड ९८ लाख ९९ हजार रुपैयाँ छ भने समिति तथा अन्य संस्थाका कर्मचारीको पेश्की ३२ लाख ७८ हजार रुपैयाँ पेश्की रहेको लेखापरीक्षणले देखिएको छ । त्यस्तै, मोबिलाइजेशन पेश्की ४ करोड ७४ लाख ८० लाख रुपैयाँ छ । अन्य पेश्की ११ करोड २५ लाख ८५ हजार रुपैयाँ छ ।
प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समितिसमेतको यो वर्ष २०७८–७९ मा रकमागत आधारमा सामाजिक विकास मन्त्रालयको बेरुजु ५० करोड २९ लाख ६ हजार रुपैयाँ भने असुल गर्नुपर्ने १ करोड ७३ लाख ६९ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ४४ करोड ४ लाख ३६ हजार रुपैयाँ र पेश्की रकम ४ करोड ५१ लाख १ हजार रुपैयाँ छ ।
भौतिक पूर्वाधार विकास मन्त्रालयको बेरुजु ३६ करोड ८८ लाख ५३ हजार रुपैयाँ छ भने असुल गर्नुपर्ने ३ करोड ४३ लाख ४० हजार रुपैयाँ, नियमित गर्नुपर्ने २० करोड २४ लाख ३१ हजार रुपैयाँ र पेश्की रकम १३ करोड २१ लाख ८२ हजार रुपैयाँ छ ।
खानेपानी तथा ऊर्जा विकास मन्त्रालय बेरुजु ७ करोड २३ लाख २० हजार रुपैयाँ छ । असुल गर्नुपर्ने ९ लाख ३५ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ६ करोड ८० लाख ३० हजार रुपैयाँ र पेश्की ३३ लाख ५५ हजार रुपैयाँ छ ।
मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको बेरुजु ७ करोड २२ लाख ९५ हजार रुपैयाँ छ । असुल गर्नुपर्ने २ लाख ४१ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ७ करोड २० लाख ५४ हजार रुपैयाँ छ ।
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बेरुजु ६ करोड ६६ लाख २३ हजार रुपैयाँ छ । असुल गर्नुपर्ने २ करोड ४५ लाख ३९ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ४ करोड ७ लाख ८९ हजार रुपैयाँ र पेश्की रकम १२ लाख ९५ हजार रुपैयाँ छ ।
अन्य मन्त्रालय र निकायमा मन्त्रालय बेरुजु ८ करोड ३ लाख १२ हजार रुपैयाँ छ । असुल गर्नुपर्ने १ करोड ८ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ५ करोड ९ लाख ९५ हजार रुपैयाँ र पेश्की १ करोड १३ लाख ९ हजार रुपैयाँ छ ।
मधेश प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) ले प्रचलित कानुनबमोजिम पुग्याउनु पर्ने रीत नपुर्याइ कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहच्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ ।

